# आर्थिक वर्ष २०६५।६६
# को
# मौद्रिक नीति



**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

२०६५

**का.मु. गभर्नर श्री कृष्णबहादुर मानन्धरले**
**२०६५ असोज १३ गते**
**सार्वजनिक जानकारीका लागि जारी गर्नुभएको**

# आर्थिक वर्ष २०६५।६६
# को
# मौद्रिक नीति

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

बालुवाटार, काठमाडौं

# विषय सूची


| *विवरण* | *पृष्ठ* |
|---|---|
| पृष्ठभूमि | १ |
| आर्थिक वर्ष २०६४/६५ को आर्थिक तथा वित्तीय स्थितिको समीक्षा | १ |
| आर्थिक वर्ष २०६४/६५ मा मौद्रिक नीति तथा वित्तीय व्यवस्थापन | ७ |
| आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम | ९ |
| मौद्रिक नीतिको अडान | ९ |
| आर्थिक तथा मौद्रिक लक्ष्य | ११ |
| मौद्रिक नीति सञ्चालन तथा उपकरण | १२ |
| कर्जा तथा लघु वित्त व्यवस्थापन | १५ |
| वित्तीय क्षेत्र सुधार, नियमन र सुपरिवेक्षण | १८ |
| विदेशी विनिमय व्यवस्थापन | २२ |
| अन्त्यमा | २४ |

| | | |
|---|---|---|
| अनुसूची १ : | आर्थिक वर्ष २०६४।६५ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको प्रगति तालिका | २५ |
| अनुसूची २ : | मौद्रिक सर्भेक्षणको प्रक्षेपण | ३६ |
| अनुसूची ३ : | परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भारतबाट आयात गर्न पाइने वस्तुहरूको सूची | ३७ |

तालिका सूची

# आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति

## पृष्ठभूमि

१. नेपाल राष्ट्र बैंक ऐन २०५८ मा व्यवस्था भएबमोजिम यस बैंकले आर्थिक वर्ष २०५९/६० देखि वार्षिक मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक जानकारीको लागि प्रकाशन गर्दै आएको छ। यस क्रममा यस बैंकले आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीति २०६४ साउन ७ गते र सोको मध्यावधि समीक्षा २०६४ चैत्र १ गते प्रकाशित गरेको थियो।

२. नेपाल राष्ट्र बैंक ऐन २०५८ मा उल्लेखित प्रावधानअनुसार यस बैंकले अघिल्लो आर्थिक वर्षको आर्थिक तथा वित्तीय स्थितिको समीक्षा, अघिल्लो वर्ष अवलम्बन गरेको मौद्रिक नीतिको सिंहावलोकन र चालू वर्ष अवलम्बन गर्ने मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रमहरूको औचित्य र सोको विवेचनाको प्रारूपमा वार्षिक मौद्रिक नीति सार्वजनिक गर्दै आएको छ। यही परम्परालाई यथावत् कायम गर्दै आर्थिक वर्ष २०६५/६६ को लागि श्रृङ्खलामा यो सातौं वार्षिक मौद्रिक नीति तर्जुमा गरिएको छ।

## आर्थिक वर्ष २०६४/६५ को आर्थिक तथा वित्तीय स्थितिको समीक्षा

३. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीति २०६४ साउन ७ गते सार्वजनिक गरेपछिको यस अवधिमा विश्व र नेपाली परिवेशमा विकसित घटनाक्रमहरूले नेपाली अर्थतन्त्रमा केही सकारात्मक परिवर्तन ल्याएको छ भने केही चुनौती थपेको छ। आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिको मध्यावधि समीक्षामा विश्व र नेपाली परिवेशमा विकसित केही घटनाक्रमहरूको विश्लेषणसहित उल्लेख भइसकेको छ।

४. आर्थिक वर्ष २०६४/६५ को पहिलो त्रयमासमा संयुक्त राज्य अमेरिकाको आवास कर्जा बजारमा सङ्कट आयो। जसले समग्र कर्जा र तरलता सङ्कट निम्त्यायो। यसबाट संयुक्त राज्य अमेरिकाका साथै पश्चिमी युरोपियन मुलुकहरूको शेयर र मुद्रा बजारमा उतारचढाव आयो। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २००८ जुलाई १७ मा सार्वजनिक गरेको वर्ल्ड इकोनोमिक आउटलुक अपडेटमा विकसित मुलुकहरूमा देखापरेको वित्तीय सङ्कटका कारण विश्व आर्थिक वृद्धिदर न्यून रहने प्रवृत्ति यथावत रहेको तर मुद्रास्फीतिकारी चाप बढेको उल्लेख गरेको छ। कोषले सन् २००७ मा विश्व उत्पादन वृद्धि ५.० प्रतिशत रहेकोमा सन् २००८ मा ४.१ प्रतिशतमा झर्ने प्रक्षेपण गरेको छ। विकसित मुलुकहरूको आर्थिक वृद्धि सन् २००७ मा २.७ प्रतिशत रहेकोमा सन् २००८ मा १.७ प्रतिशतमा झर्ने कोषको प्रक्षेपण छ। त्यस्तैगरी, उदीयमान तथा विकासशील मुलुकहरूको आर्थिक वृद्धिदर सन् २००७ मा ८.० प्रतिशत रहेकोमा सन् २००८ मा ६.९ प्रतिशतमा ओर्लने कोषको प्रक्षेपण छ। कोषले सन् २००७ मा विकसित मुलुकहरुको उपभोक्ता मुद्रास्फीति २.२ प्रतिशत रहेकोमा सन् २००८ मा ३.४ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ। उदीयमान तथा विकासशील मुलुकहरुमा उपभोक्ता मुद्रास्फीति सन् २००७ को ६.४ प्रतिशतबाट सन् २००८ मा ९.१ प्रतिशत पुग्ने कोषको प्रक्षेपण छ।

५. विकसित मुलुकहरूमा देखिएको आर्थिक शिथिलताको प्रभाव त्यसतर्फ हुने नेपाली वस्तु निर्यातमा केही हदसम्म परेको छ। तथापि आन्तरिक मागमा आएको विस्तारका कारण

आर्थिक वर्ष २०६४/६५ मा नेपालको कुल गार्हस्थ्य उत्पादन वृद्धिदरमा सुधार आएको छ। केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०६३/६४ मा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर उत्पादक मूल्यमा ३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ४.७ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा आधारभूत मूल्यमा कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २.६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६४/६५ मा ५.६ प्रतिशत रहने केन्द्रीय तथ्याङ्क विभागको अनुमान छ।

६. आर्थिक वर्ष २०६४/६५ मा आर्थिक वृद्धिदरमा सुधार आउनाको प्रमुख आधार यथार्थ कुल गार्हस्थ्य उत्पादनमा ३६.० प्रतिशत योगदान रहेको कृषि क्षेत्रको उत्पादन विस्तार रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा कृषि क्षेत्रको उत्पादन वृद्धि ५.७ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६३/६४ मा कृषि क्षेत्रको उत्पादन वृद्धि ०.९ प्रतिशत मात्र रहेको थियो। अघिल्ला तीन वर्षहरूमा लगातार घटिरहेको धानको उत्पादन मौसमी अनुकूलताका कारण उल्लेख्य १६.८ प्रतिशतले बढेकोले आर्थिक वर्ष २०६४/६५ मा कृषि क्षेत्रको उत्पादनमा सन्तोषजनक विस्तार आएको हो।

७. गैरकृषि क्षेत्रतर्फ आर्थिक वर्ष २०६४/६५ मा उद्योग क्षेत्रको वृद्धिदर घटेको छ भने सेवा क्षेत्रको वृद्धिदरमा सुधार आएको छ। सेवा क्षेत्रतर्फ आर्थिक वर्ष २०६४/६५ मा वित्तीय मध्यस्थता उपक्षेत्रको मूल्य अभिवृद्धि १३.८ प्रतिशतले भएको छ। आर्थिक वर्ष २०६३/६४ मा यस उपक्षेत्रको मूल्य अभिवृद्धि ११.४ प्रतिशत रहेको थियो। त्यस्तैगरी, आर्थिक वर्ष २०६४/६५ को आर्थिक वृद्धिदरको अन्य आधारको रूपमा सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू, स्वास्थ्य तथा सामाजिक कार्य, होटल तथा रेष्टुरेन्ट र थोक तथा खुद्रा व्यापार क्षेत्रको विस्तार रहेको छ।

८. आर्थिक वर्ष २०६४/६५ मा आर्थिक गतिविधिहरूमा अनुकूल र प्रतिकूल प्रभाव पार्ने कारक तत्वहरूको सम्मिश्रण रह्यो। अनुकूल कारक तत्वहरूमध्ये मौसमी सुधारले कृषि उत्पादनमा सुधार ल्याउन मद्दत पुर्‍यायो। समग्र शान्ति सुरक्षामा आएको सुधारले पर्यटन क्षेत्रमा विस्तार ल्याउन सहयोग पुर्‍यायो। वित्तीय क्षेत्रमा आएको विस्तारले घरजग्गा तथा व्यावसायिक सेवाहरू र निजी क्षेत्रको आवास तथा गैरआवास निर्माण विकासमा सकारात्मक प्रभाव पार्‍यो। नेपाली कामदारहरूले विदेशबाट पठाएको विप्रेषणमा भएको उल्लेख्य वृद्धिले नेपाली अर्थतन्त्रलाई गति प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्यो।

९. आर्थिक वर्ष २०६४/६५ मा विद्युत् लोडसेडिङ्गले अर्थतन्त्रमा प्रतिकूल वातावरण सिर्जना गर्‍यो। साताको ६ घण्टाको दरले लोडसेडिङ्ग भइरहेकोमा २०६४ पुस २० देखि नेपाल विद्युत् प्राधिकरणले साताको पन्ध्र घण्टाको दरले लोडसेडिङ्गको सूचना प्रकाशित गर्‍यो। त्यसपछि २०६४ पुस २६ देखि साताको ३६ घण्टा र २०६४ माघ १८ देखि साताको ४८ घण्टासम्म लोडसेडिङ्गको स्थिति रह्यो। गर्मीको कारण हिउँ पग्लन तथा पानी पर्न थालेकोले नदीहरूको जलस्तरमा वृद्धि भएको र कुलेखानी २ तथा खिम्ती जलविद्युत् गृहमा मर्मत सम्भार हुन गएकोले २०६५ जेष्ठ २२ देखि २०६५ भाद्र १० सम्म हप्ताको पाँच घण्टा मात्र लोडसेडिङ्गको स्थिति रहेको थियो। २०६५ भाद्र ११ देखि लोडसेडिङ्गको समयावधि फेरी बढेको छ। विगतमा भएको लामो समयसम्मको लोडसेडिङ्गले उत्पादन लागत बढाई औद्योगिक उत्पादनमा प्रतिकूल असर पार्‍यो। यसको प्रभाव समेतले गर्दा केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०६४/६५ मा औद्योगिक उत्पादन सूचकाङ्क १.४ प्रतिशतले घटेको छ। आर्थिक वर्ष

२०६३/६४ मा औद्योगिक उत्पादन सूचकाङ्क २.६ प्रतिशतले बढेको थियो। प्लाष्टिक वस्तुहरूको उत्पादन ८.६ प्रतिशत, वनस्पति घ्यूको १९.६ प्रतिशत, तयारी पोशाकको १६.३ प्रतिशत र ऊनी गलैंचाको ५.२ प्रतिशतले गिरावट आएकोले आर्थिक वर्ष २०६४/६५ मा औद्योगिक उत्पादन सूचकाङ्क घटेको हो। आन्तरिक खपत हुने फलामे छड तथा पाता, बियर, ईंटा, बिस्कुट, चिनी, चाउचाउ र प्रशोधित चियाजस्ता वस्तुहरूको उत्पादनमा भने समीक्षा वर्षमा विस्तार आएको छ।

१०. नेपाली अर्थतन्त्रमा प्रतिकूल असर पार्ने अन्य कारक तत्वहरूमध्ये शिथिल वस्तु निर्यात प्रमुख रहेको छ। शिथिल वस्तु निर्यातले औद्योगिक उत्पादन र रोजगारीमा प्रतिकूल असर पारेको छ। अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलमा भएको मूल्य वृद्धिअनुसार नेपालमा पेट्रोलियम पदार्थको मूल्यमा समायोजन नगरिएकोले पेट्रोलियम पदार्थहरूको आपूर्तिमा समय समयमा अड्चन आउने गरेको छ। यसका साथै बेलाबखतमा लामो समयसम्म हुने सडक अवरुद्ध, बन्द, हड्तालले पनि आर्थिक वर्ष २०६४/६५ मा नेपाली अर्थतन्त्रमा प्रतिकूल प्रभाव पार्‍यो।

११. मूल्य स्थितितर्फ, आर्थिक वर्ष २०६४/६५ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ७.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा वार्षिक औसत मुद्रास्फीति ६.४ प्रतिशत रहेको थियो। वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०६४ असारमा ५.१ प्रतिशत रहेकोमा २०६५ असारमा १२.१ प्रतिशत रह्यो। २०६५ श्रावण महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १३.१ प्रतिशत रहेको छ। २०६४ श्रावणमा सो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो। उच्च मूल्य वृद्धि नेपालको मात्र समस्या होइन। विश्वस्तरमा नै उच्च मूल्य वृद्धि प्रमुख आर्थिक समस्याको रूपमा देखापरेको छ। खाद्यान्न, निर्माण सामाग्री र इन्धनको उच्च मूल्य वृद्धिको कारण विश्वव्यापी रूपमा मुद्रास्फीतिकारी चापको स्थिति उत्पन्न भएको हो। नेपालमा पनि इन्धन, खाद्यान्न र निर्माण सामाग्रीको उच्च मूल्य वृद्धिका कारण मुद्रास्फीतिमा चापको स्थिति देखिएको हो। अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०६४/६५ मा मूल्य वृद्धि उच्च रहे तापनि दक्षिण एशियाली र अन्य विकासोन्मुख मुलुकहरूको भन्दा नेपालमा मूल्य वृद्धि न्यून नै छ।

१२. आर्थिक वर्ष २०६४/६५ मा नेपालको बाह्य क्षेत्रतर्फ मिश्रित प्रवृत्तिहरू देखिएका छन्। व्यापार घाटामा विस्तार आए तापनि समग्र शोधनान्तर बचत उल्लेख्य मात्रामा रहेको छ। कुल आयात उल्लेख्य बढेको तर कुल निर्यात शिथिल रहेकोले व्यापार घाटामा विस्तार आएको हो। निजी क्षेत्रको विप्रेषण आप्रवाह र विदेशी अनुदान सहयोग उल्लेख्य बढेका कारण समग्र शोधनान्तर बचत अघिल्लो वर्षको तुलनामा उच्च रहेको हो।

१३. आर्थिक वर्ष २०६४/६५ मा कुल निर्यात २.४ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष कुल निर्यात १.४ प्रतिशतले घटेको थियो। भारततर्फको निर्यात उल्लेख्य घटेकोले समीक्षा अवधिमा समग्र निर्यातको वृद्धि सीमान्त मात्र रहेको हो। वस्तुतर्फ, तयारी पोशाक, ऊनी गलैंचा, पश्मिना, वनस्पति घ्यू, रसायन, प्लाष्टिकका सामानहरू, तार र जुटका सामानहरूको निर्यात घटेकोले कुल निर्यात अपेक्षा गरे अनुरूप बढ्न नसकेको हो। मूलभूत रूपमा असहज तेलको आपूर्ति, विद्युत् लोडसेडिङ्गको स्थिति र भौतिक पूर्वाधारको कमजोर अवस्थाले गर्दा नेपाली वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमतामा कमी आएकोले निर्यातमा सुधार आउन नसकेको हो।

१४. आर्थिक वर्ष २०६४/६५ मा कुल आयात १६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष कुल आयात १२.० प्रतिशतले बढेको थियो। भारतबाट हुने आयातमा अत्यधिक विस्तार आएको छ। सवारी साधन तथा तिनका पार्टपूर्जा, पेट्रोलियम पदार्थ, विद्युतीय सामान, दूरसञ्चार सामाग्री, सुन र फलामजन्य वस्तुहरूको आयात बढेकोले समग्र आयातमा विस्तार आएको हो। आर्थिक वर्ष २०६४/६५ मा पेट्रोलियम पदार्थको आयात २१.५ प्रतिशतले वृद्धि भई रु ४० अर्ब ७९ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ मा पेट्रोलियम पदार्थको आयात ०.३ प्रतिशतले घटेर रु ३३ अर्ब ५७ करोड रहेको थियो। विप्रेषण आप्रवाह बढेको र बैंक तथा वित्तीय संस्थाहरूले उपभोग कर्जालाई प्रोत्साहन दिएकाले पनि आयातमा विस्तार आएको हो। भारतबाट हुने औद्योगिक कच्चा पदार्थको आयातको लागि अमेरिकी डलरमा भुक्तानी सुविधाको व्यवस्थाले गर्दा भारतबाट फलामजन्य वस्तुहरूको आयात बढेको हो। आर्थिक वर्ष २०६४/६५ मा अमेरिकी डलर भुक्तानीमार्फत् भारतबाट भएको आयात रू ३२ अर्ब २ करोड पुगेको छ, जुन भारतबाट भएको कुल आयातको २२.२ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६३/६४ मा यस्तो आयातको अंश १५.३ प्रतिशत मात्र थियो।

१५. आर्थिक वर्ष २०६४/६५ मा पर्यटन क्षेत्रबाट विदेशी मुद्रा आर्जन ८४.२ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो आर्जन ६.० प्रतिशतले मात्र बढेको थियो। शान्ति सुरक्षामा सुधार आएको फलस्वरूप सन् २००७ मा नेपालमा ५ लाखभन्दा बढी पर्यटकहरू भित्रिएको तथ्याङ्क सार्वजनिक भइसकेको छ। आर्थिक वर्ष २०६४/६५ मा हवाइमार्गबाट नेपालमा आएका पर्यटकहरूको संख्या ३ लाख ६८ हजार पुगेको छ। अघिल्लो आर्थिक वर्ष हवाइमार्गबाट आएका पर्यटक आगमन संख्या ३ लाख ३२ हजार थियो। २०६५ वैशाख, जेठ र असारमा भने हवाइमार्गबाट नेपाल आउने पर्यटक संख्यामा कमी आएको छ। भारतीय पर्यटक आगमनमा उल्लेख्य कमी आएकोले उक्त महिनाहरूमा समग्र पर्यटक आगमन संख्या घटेको हो। काठमाडौं र दिल्लीबीचको हवाई भाडादर अन्य गन्तव्यस्थलको तुलनामा उल्लेख बढेको र हवाई उडान संख्यामा विस्तार हुन नसकेको र नेपाल वायुसेवा निगमले विमानको अभावमा उडान भर्न नसकेकोले समेत भारतीय पर्यटक आगमन संख्यामा कमी आएको हो। मुलुकमा रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशी मुद्रा आर्जन बढाउन र बाह्य क्षेत्र स्थिरता कायम गर्न पर्यटन क्षेत्रको अहम् भूमिका रहेको सन्दर्भमा पर्यटन क्षेत्रसम्बन्धी पूर्वाधारको विकास हुन जरूरी छ।

१६. आर्थिक वर्ष २०६४/६५ मा विदेशमा काम गर्ने नेपालीहरूले पठाएको विप्रेषण रकम उल्लेख्य ४२.५ प्रतिशतले वृद्धि भई रू १४२ अर्ब ६८ करोड पुगेको छ। आर्थिक वर्ष २०६३/६४ मा विप्रेषण आप्रवाह २.५ प्रतिशतले मात्र बढेको थियो। नेपालले कतार, दक्षिण कोरिया, संयुक्त अरब इमिरेट्स र बहराइनसँग श्रम सम्झौता सम्पन्न गरेको समेतले गर्दा विदेशमा कामको लागि जाने नेपालीहरूको संख्यामा बढोत्तरी आएकोले विप्रेषण आप्रवाह उल्लेख्य बढेको हो। नेपाली कामदारहरूको लागि प्रमुख गन्तव्यस्थलका रूपमा रहेका मलेसिया, कुबेत र इजराइलसँग नेपाल सरकारले जति सक्दो छिटो श्रम सम्झौता गर्न आवश्यक छ। वस्तु निर्यात शिथिल रहेको विद्यमान स्थितिमा शीप विकासको माध्यमबाट नेपाली कामदारहरूको विप्रेषण आप्रवाह विदेशी मुद्रा आर्जन गर्ने दीगो र प्रमुख स्रोतको रूपमा स्थापित गरिराख्न जरूरी छ।

१७. आर्थिक वर्ष २०६४/६५ मा मुलुकको शोधनान्तरमा उच्च बचत कायम रहनुको अर्को स्रोत विदेशी सहायता रहेको छ। आर्थिक वर्ष २०६४/६५ मा कुल विदेशी सहयोग रू ३४ अर्ब ६ करोड भित्रिएको छ। आर्थिक वर्ष २०६३/६४ मा विदेशी सहयोग रू २५ अर्ब ८५ करोड भित्रिएको थियो। ग्रामीण पुर्ननिर्माण तथा पुर्स्थापना, गरिबी निवारण कोष, सबैको लागि शिक्षा कार्यक्रम, ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाई आयोजना र मध्यमस्याङ्दी जलविद्युत् आयोजनाको लागि उल्लेख्य सहयोग प्राप्त भएकोले समीक्षा वर्षमा विदेशी सहयोग आप्रवाह उच्च रहेको हो।

१८. मुलुकको शोधनान्तर बचत उल्लेख्य कायम रहेकोले आर्थिक वर्ष २०६४/६५ मा कुल विदेशी विनिमय सञ्चिति रू २१२ अर्ब ६२ करोड पुगेको छ। यो सञ्चिति ११.३ महिनाको वस्तु आयात र ९.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

१९. सार्वजनिक वित्ततर्फ, आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारको राजस्व सङ्कलन २२.६ प्रतिशतले वृद्धि भई रू १०७ अर्ब ५५ करोड पुगेको छ। अघिल्लो वर्ष नेपाल सरकारको राजस्व २१.३ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारको राजस्व सङ्कलन लक्ष्य रू १०४ अर्ब रहेको थियो। समग्र आयात तथा उच्च भन्सार कर लाग्ने वस्तुहरूको आयात बढेको, अन्तःशुल्कको दायरा तथा दर बढेको, विप्रेषण आप्रवाह वृद्धि भएको कारण समेत आन्तरिक थोक तथा खुद्रा व्यापारमा विस्तार आएको र बैंक तथा वित्तीय संस्थाहरूको वृद्धिसँगै "करपोरेट" संस्कृतिमा विस्तार आएकोले आर्थिक वर्ष २०६४/६५ मा राजस्व सङ्कलनमा उल्लेख वृद्धि भएको हो।

२०. आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारको कुल खर्च २२.२ प्रतिशतले वृद्धि भई रू १६३ अर्ब ३१ करोड पुगेको छ। अघिल्लो वर्ष नेपाल सरकारको कुल खर्च २०.५ प्रतिशतले बढेको थियो। कुल खर्चमध्ये चालू खर्च १८.५ प्रतिशतले वृद्धि भई रू ९१ अर्ब ४१ करोड पुगेको छ भने पूँजीगत खर्च ३९.७ प्रतिशतले वृद्धि भई रू ५५ अर्ब ५२ करोड पुगेको छ। कुल पूँजीगत खर्चमध्ये नेपाल आयल निगमलाई रू ६ अर्ब ६७ करोड, कृषि विकास बैंकलाई रू २ अर्ब ८३ करोड र नेपाल विद्युत् प्राधिकरणलाई रू २ अर्ब २३ करोड समेत गरी सरकारी संस्थानहरूतर्फ कुल रू १२ अर्ब ५६ करोड ऋण तथा शेयरलगानी भएको छ। त्यस्तैगरी, गरिबी निवारण कोषलाई रू १ अर्ब ८७ करोड दाखिला भएको छ। बाँकी स्थानीय निकायका लागि निकासा र नेपाल सरकारको प्रत्यक्ष पूँजीगत खर्च रहेको छ।

२१. आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारको बजेट घाटा रू ३३ अर्ब ३ करोड रहेको छ। अघिल्लो वर्ष बजेट घाटा रू ३० अर्ब ९ करोड रहेको थियो। आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारले रू २० अर्ब ५० करोड आन्तरिक ऋण उठाएको छ भने बाह्य ऋण रू ११ अर्ब ३३ करोड परिचालन गरेको छ।

२२. आर्थिक वर्ष २०६४/६५ मा नेपालको वित्तीय क्षेत्रमा संख्या र कारोबार दुवै दृष्टिकोणले उल्लेख विस्तार भएको छ। आर्थिक वर्ष २०६४/६५ मा वाणिज्य बैंकहरूको संख्या ५ ले विस्तार भई २५ पुगेको छ। वाणिज्य बैंकहरूको शाखा संख्या १०६ ले विस्तार भई ५५८ पुगेको छ। विकास बैंकहरूको संख्या २० ले विस्तार भई ५८ पुगेको छ। वित्त कम्पनीहरूको संख्या ७ ले विस्तार भई ७८ पुगेको छ। यस बैंकबाट इजाजतप्राप्त लघुवित्त विकास बैंकको संख्या १२, वित्तीय सहकारीको १६ र वित्तीय गैरसरकारी संस्थाहरूको संख्या ४६ रहेको छ।

यस बैंकको नियमन र निरीक्षण तथा सुपरिवेक्षणमा रहेका वित्तीय संस्थाहरूको कुल संख्या आर्थिक वर्ष २०६४/६५ असार मसान्तसम्ममा २३५ रहेको छ। एक वर्ष अगाडि यो संख्या २०८ रहेको थियो। त्यस्तैगरी, बीमा कम्पनीहरूको संख्या ४ ले वृद्धि भई २५ पुगेको छ।

२३. वित्तीय कारोबारतर्फ आर्थिक वर्ष २०६४/६५ मा वाणिज्य बैंकहरूले परिचालन गरेको निक्षेप २६.० प्रतिशत (रू ८७ अर्ब ७ करोड) ले विस्तार भई रू ४२१ अर्ब ५२ करोड पुगेको छ। थप निक्षेप परिचालन बाहेक वाणिज्य बैंकहरूको चुक्ता पूँजी रू ११ अर्ब ७३ करोडले बढेको छ। थप ५ वाणिज्य बैंकहरू सञ्चालनमा आएका र पुराना वाणिज्य बैंकहरूले बोनश शेयर तथा अग्राधिकार शेयर निष्काशन गरेकाले वाणिज्य बैंकहरूको चुक्ता पूँजी उल्लेख्य बढेको हो। कर्जा लगानीका लागि वाणिज्य बैंकहरूबाट पर्याप्त मात्रामा साधन परिचालन भइरहेको तथ्य यसबाट प्रष्ट हुन्छ।

२४. आर्थिक वर्ष २०६४/६५ मा वित्त कम्पनीहरूले परिचालन गरेको निक्षेप २७.४ प्रतिशत (रू ९ अर्ब २१ करोड) ले विस्तार भई रू ४२ अर्ब ८१ करोड पुगेको छ। त्यस्तैगरी, विकास बैंकहरूले परिचालन गरेको निक्षेप ५८.७ प्रतिशत (रू ९ अर्ब २२ करोड) ले वृद्धि भई रू २४ अर्ब ९४ करोड पुगेको छ। कर्मचारी सञ्चय कोषसँगको कुल सङ्कलित कोष रू ६२ अर्ब ४८ करोड रहेको छ भने नागरिक लगानी कोषसँगको कुल सङ्कलित कोष रू १२ अर्ब ३६ करोड पुगेको छ। बीमा कम्पनीहरूसँग कुल बीमित रकम रू २९ अर्ब ३३ करोड पुगेको अनुमान छ।

२५. वित्तीय बजारतर्फ नेप्से सूचकाङ्क २०६४ आषाढ मसान्तको बिन्दुबाट २०६५ आषाढ मसान्तमा ४०.९ प्रतिशतले वृद्धि भई ९६३.३९ बिन्दु पुगेको छ। सोही अवधिमा बजार पूँजीकरण ९६.६ प्रतिशतले वृद्धि भई रू ३६६ अर्ब २५ करोड पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनसँग अनुपात निकाल्दा ४४.६ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६४/६५ को पहिलो ६ महिनाको अवधिमा शेयर बजार कारोबारमा उल्लेख्य विस्तार आई २०६४ पुस २ गते नेप्से सूचकाङ्क १,०६४ बिन्दुसम्म र बजार पूँजीकरण रू ३३५ अर्ब रहेको थियो। शेयर बजारमा ठूलो उतार चढाव आउन नदिने उद्देश्यले यस बैंकले शेयरको धितोमा प्रवाह हुने बैंक कर्जामा हस्तक्षेप गरी पछिल्लो १८० कार्य दिनको अन्तिम मूल्यको औसत शेयर मूल्यको ५० प्रतिशतभन्दा बढी बैंक कर्जा प्रवाह गर्न नपाइने निर्देशन जारी गरिसकेको छ। यो नीतिगत व्यवस्थापश्चात् शेयरको दोस्रो बजार कारोबारमा स्थायित्व कायम हुन गई क्रमिक विस्तार भइरहेको छ।

२६. वित्तीय उपकरणको प्राथमिक निष्काशनतर्फ, आर्थिक वर्ष २०६४/६५ मा नेपाल धितोपत्र बोर्डले रू १ अर्ब १ करोड साधारण शेयर, रू ७ अर्ब ६० करोड अग्राधिकार शेयर र रू २ अर्ब १० करोड बोनश शेयर गरी जम्मा रू १० अर्ब ७१ करोड बराबर शेयर निष्काशनको लागि अनुमति दिइसकेको छ। त्यस्तैगरी, आर्थिक वर्ष २०६४/६५ मा नेपाल विद्युत् प्राधिकरणको रू १ अर्ब ५० करोड समेत गरी रू २ अर्ब ९५ करोड डिवेञ्चरको प्राथमिक निष्काशन भएको छ। फलस्वरूप, शेयर र डिवेञ्चरको आपूर्ति बढ्न गई धितोपत्रको दोस्रो बजार कारोबारमा स्थायित्व कायम गर्न सहयोग मिलेको छ।

२७. आर्थिक वर्ष २०६४/६५ मा बैंक तथा वित्तीय संस्थाहरूको संख्या र शेयर बजारको विस्तारले नेपालको वित्तीय क्षेत्रको दायरा र संघनता बढाएको छ। यसका साथै, अर्थतन्त्रमा लगानीका

लागि साधनको परिचालनमा वृद्धि आउनाका अतिरिक्त औपचारिक क्षेत्रको विकासमा टेवा मिलेको छ । अर्कोतर्फ, वित्तीय क्षेत्रको विस्तारले शैक्षिक बेरोजगार घटाउन मद्दत मिलेको छ । यस क्रममा नेपाल सरकारको राजस्व परिचालनमा वृद्धि आएको छ भने अर्थतन्त्रको सुदृढीकरणमा मद्दत मिलेको छ ।

२८. हाल वित्तीय क्षेत्रमा देखिएको विस्तारको तुलनामा औद्योगिक क्षेत्र र व्यापार क्षेत्रको संस्थागत विकास हुन सकेको छैन । बैंक तथा वित्तीय संस्थाहरूको विकासको फलस्वरूप धितोपत्र बजारमा विस्तार आएको हो । औद्योगिक र व्यापार क्षेत्रले धितोपत्र बजारमार्फत् वित्तीय साधनको परिचालन गर्न सकेको छैन । नियामक संस्थाको रूपमा नेपाल राष्ट्र बैंकको उपस्थिति र यसको निरन्तर नियमन तथा निरीक्षण कार्यले गर्दा लगानीकर्ताको आकर्षण, सर्वसाधारणको विश्वास र बैंक तथा वित्तीय संस्थाहरूले अवलम्बन गरेको संस्थागत सुशासन तथा कारोबारमा पारदर्शिताको कारण यो क्षेत्रको विस्तारमा तीव्रता आएको हो । एउटा नियामक संस्था हुने हो र सोबाट नियमन, संस्थागत संस्कृतिको विकास र पारदर्शिता बढाउने कार्य हुन सक्यो भने औद्योगिक र व्यापार क्षेत्रको संस्थागत विकास हुन सक्छ । औद्योगिक र व्यापार क्षेत्रको संस्थागत विकास हुनसक्यो भने लगानीकर्ताको विश्वास बढ्न गई यस क्षेत्रले वित्तीय बजारबाट लगानीको लागि साधन परिचालन गर्न सक्छ र यस क्रममा वित्तीय क्षेत्रको थप विस्तारमा मद्दत मिल्न सक्छ ।

२९. नेपाल सरकारको ऋणपत्रतर्फ, आर्थिक वर्ष २०६४/६५ मा रू १२ अर्ब ५० करोडको थप ट्रेजरी बिल्सको निष्काशन भएको छ । यो समेत गर्दा नेपाल सरकारको हालसम्मको कुल ट्रेजरी बिल्स निष्काशन रू ८५ अर्ब रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा बोलकबोलको माध्यमबाट निष्काशन गरिएको रू ६ अर्ब ७ करोड समेत गरी नेपाल सरकारको विकास ऋणपत्र रू २१ अर्ब ७४ करोड रहेको छ । आर्थिक वर्ष २०६४/६५ मा निष्काशन गरिएको नागरिक बचतपत्र रू १ अर्ब ९३ करोड समेत जोड्दा नेपाल सरकारको राष्ट्रिय बचत पत्र र नागरिक बचतको कुल रकम रू ४ अर्ब १३ करोड रहेको छ । नेपाल सरकारले निष्काशन गर्ने ऋणपत्रहरूको कारणले मुद्रा बजार र पूँजी बजारको विस्तारमा सहयोग पुगेको छ ।

३०. आर्थिक वर्ष २०६४/६५ मा कुल अन्तरबैंक कारोबार रू २५८ अर्ब पुगेको छ । आर्थिक वर्ष २०६३/६४ मा कुल अन्तरबैंक कारोबार रू १७० अर्ब रहेको थियो । बैंकहरूको संख्या वृद्धि भएको, बैंकहरूको नगद व्यवस्थापन कार्यमा सुधार आएको र धितोपत्र बजारमा विस्तार आएकोले अन्तरबैंक कारोबार बढेको हो । मौद्रिक व्यवस्थापनको दृष्टिकोणले अन्तरबैंक कारोबारमा विस्तार आउनु सकारात्मक पक्ष हो ।

## आर्थिक वर्ष २०६४/६५ मा मौद्रिक नीति तथा वित्तीय व्यवस्थापन

३१. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले आर्थिक लक्ष्यहरूमध्ये बजेट वक्तव्यमा उल्लेखित ५.० प्रतिशतको आर्थिक वृद्धि लक्ष्य हासिल गर्न आवश्यक मौद्रिक सहजता प्रदान गर्ने उल्लेख गरेको थियो । आर्थिक वर्ष २०६४/६५ मा मौद्रिक तरलता उपलब्धता सहज नै रह्यो । कृषि उत्पादनमा सुधार, बैंक तथा वित्तीय संस्थाहरूको विस्तार र निजी क्षेत्रमा बैंक कर्जा प्रवाहमा वृद्धि समेतले गर्दा आर्थिक वर्ष २०६४/६५ मा आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहेको अनुमान माथि उल्लेख भइसकेको छ । आर्थिक वर्ष २०६३/६४ मा सो आर्थिक वृद्धिदर २.६ प्रतिशत रहेको थियो ।

३२. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले सो वर्ष वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ५.५ प्रतिशत रहने प्रक्षेपण गरेको थियो। सो प्रक्षेपणले पेट्रोलियम पदार्थको मूल्यमा हुनसक्ने समायोजनलाई समेटेको थिएन। खाद्यान्न तथा निर्माण सामाग्रीको मूल्य वृद्धि अपेक्षा गरिएको भन्दा उच्च हुन गएको र तीन पटक पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरिएकोले आर्थिक वर्ष २०६४/६५ मा वार्षिक औसत मूल्य वृद्धि ७.७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६३/६४ मा वार्षिक औसत मूल्य वृद्धि ६.४ प्रतिशत रहेको थियो। मूल्य वृद्धि विश्वको नै समस्याको रूपमा देखापरेको छ। नेपालमा भएको मूल्य वृद्धिको प्रमुख कारण मौद्रिक विस्तार रहेको छैन।

३३. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिले शोधनान्तर बचत रू ८ अर्ब रहने लक्ष्य राखेकोमा शोधनान्तर बचत लक्ष्यभन्दा बढी रू २९ अर्ब ६७ करोड रहेको छ। निजी क्षेत्रको विप्रेषण आप्रवाहमा उल्लेख्य विस्तार र विदेशी अनुदान सहयोगमा वृद्धि भएकोले शोधनान्तर बचत लक्ष्यभन्दा उच्च रहेको हो। माथि उल्लेखित स्रोतका कारण शोधनान्तर बचत लक्ष्यभन्दा बढी रहने देखिएकोले सोको लागि मौद्रिक उपाय अवलम्बन गर्नु परेन।

३४. बाह्य क्षेत्रको स्थायित्वको लागि नेपाली रूपैयाँ (ने.रू.) को यथार्थ विनिमयदर तटस्थ स्तरमा राख्ने मौद्रिक नीतिको लक्ष्य रहँदै आएको छ। २०६४ आषाढ मसान्तको तथ्याङ्कलाई आधारमान्दा २०६५ आषाढ मसान्तमा ने.रू.को व्यापार भारित यथार्थ प्रभावकारी विनिमयदर करिब तटस्थ रहेको छ। नेपालमा मूल्य वृद्धि अघिल्लो वर्षको तुलनामा उच्च रहे तापनि व्यापार साझेदार मुलुकहरूमा समेत मूल्यमा चापको स्थिति रहेको र ने.रू.को अमेरिकी डलरसँगको विनिमयदर रू ६४.८५ को तुलनामा ५.३ प्रतिशतले न्यूनमूल्यित भई २०६५ आषाढ मसान्तमा रू ६८.५ रहेकोले ने.रू.को यथार्थ प्रभावकारी विनिमयदर तटस्थ रहेको हो।

३५. मौद्रिक लक्ष्यहरूमध्ये आर्थिक वर्ष २०६४/६५ मा विस्तृत मुद्राप्रदाय प्रक्षेपित १५.६ प्रतिशत वृद्धिको तुलनामा २५.२ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति लक्ष्यभन्दा उल्लेख्य विस्तार भएकोले मौद्रिक विस्तार प्रक्षेपण गरिएको भन्दा अधिक रहेको हो।

३६. आर्थिक वर्ष २०६४/६५ मा कुल आन्तरिक बैंक कर्जा १७.१ प्रतिशतले बढ्ने प्रक्षेपण गरिएकोमा २०.९ प्रतिशतले वृद्धि भएको छ। निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा प्रक्षेपण गरिएको १८.५ प्रतिशत वृद्धिको तुलनामा २४.३ प्रतिशतले बढेकोले कुल आन्तरिक बैंक कर्जाको विस्तार प्रक्षेपण गरिएको भन्दा केही अधिक रहेको हो।

३७. आर्थिक वर्ष २०६४/६५ मा मुद्राप्रदाय र कर्जा विस्तारलाई वाञ्छित सीमाभन्दा अधिक विस्तार हुन नदिन मौद्रिक व्यवस्थापनको प्रमुख उपायको रूपमा खुला बजार कारोबारलाई जोड दिइयो। आर्थिक वर्ष २०६४/६५ मा सोझै बिक्री बोलकबोलबाट कुल रू १४ अर्ब ८५ करोड तरलता प्रशोचन गरियो। त्यस्तैगरी, रिभर्स रिपो बोलकबोलबाट कुल रू ६ अर्ब ५७ करोड तरलता प्रशोचन गरियो।

३८. धितोपत्र बजारमा प्राथमिक शेयर निष्काशनको कारणले २०६४ पुस र माघ महिनामा केही वाणिज्य बैंकहरूले तरलता समस्या सामना गरे। यस क्रममा केही वाणिज्य बैंकहरूले यस बैंकबाट उपलब्ध हुँदै आएको अल्पकालीन स्थायी तरलता सुविधा बढी उपोग गरेका कारण

आर्थिक वर्ष २०६४/६५ मा कुल स्थायी तरलता सुविधा उपयोग रू १०३ अर्ब ८३ करोड पुग्यो । आर्थिक वर्ष २०६३/६४ मा कुल स्थायी तरलता सुविधा उपयोग रू ४७ अर्ब रहेको थियो । तरलता समस्याले प्रणालीगत (systemic risk) समस्या नल्यावस् भन्ने उद्देश्यले २०६४ पुस र माघ महिनामा उपलब्धता गराएको तरलता समेत गरी आर्थिक वर्ष २०६४/६५ मा रिपो बोलकबोल कारोबारबाट यस बैंकले वाणिज्य बैंकहरूलाई कुल रू ९ अर्ब तरलता प्रवाह गऱ्यो ।

३९. आर्थिक वर्ष २०६४/६५ मा निजी क्षेत्रमा प्रवाहित बैंक कर्जालाई वाञ्छित सीमाभित्र कायम राख्न खुला बजार कारोबारबाहेक यस बैंकले अन्य दुई उपायहरू अवलम्बन गऱ्यो । पहिलो, स्थायी तरलता सुविधाबाट बैंकहरूले यस बैंकबाट अत्यधिक कर्जा उपयोग नगरून भनेर सोमा लाग्ने पेनाल ब्याजदर १.५ प्रतिशतबाट २.० प्रतिशत पुऱ्यायो । दोस्रो, शेयरको धितोमा प्रवाह भइरहेको बैंक कर्जालाई अत्यधिक बढ्न नदिन शेयर मार्जिन कर्जा सीमा ५० प्रतिशत तोकियो । पछिल्लो उपायको अवलम्बनपश्चात् शेयर बजार कारोबारमा स्थायित्व आएको माथि उल्लेख भइसकेको छ ।

४०. वित्तीय समावेशी मुद्दालाई सम्बोधन गर्न सम्पूर्ण वाणिज्य बैंकहरूलाई आफ्नो कुल कर्जाको ३.० प्रतिशत कर्जा अनिवार्य रूपमा विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । यसका अतिरिक्त विकास बैंकहरूलाई समेत आफ्नो कुल कर्जाको १.० प्रतिशत विपन्न वर्गमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था आर्थिक वर्ष २०६४/६५ मा पहिलो पटक यस बैंकले गऱ्यो । यो व्यवस्थाबाट केही हदसम्म वित्तीय समावेशी मुद्दाको सम्बोधन हुन गई विपन्न वर्ग कर्जामा विस्तार आएको यस बैंकको विश्वास छ ।

४१. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिमा उल्लेख भएका वित्तीय र बाह्य क्षेत्रसम्बन्धी नीतिगत व्यवस्थाहरूको कार्यान्वयन स्थिति विस्तृत रूपमा अनुसूची १ मा दिइएको छ ।

## आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तथा वित्तीय क्षेत्र कार्यक्रम

४२. राष्ट्रिय अर्थतन्त्रको परिदृश्य र अन्तर्राष्ट्रिय जगत्मा विकसित घटना क्रमहरूले नेपाली अर्थतन्त्रमा पार्न सक्ने प्रभाव समेतको विश्लेषणको आधारमा आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडानको निर्क्योल, आर्थिक उद्देश्यहरूको प्राथमिकीकरण र मौद्रिक उपकरणको चयन गरिएको छ । पारदर्शिता बढाउने उद्देश्यले वित्तीय तथा बाह्य क्षेत्रसम्बन्धी सुधारका वार्षिक कार्यक्रमलाई मौद्रिक नीतिमा समावेश गर्ने विगतको परम्परालाई आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिमा पनि निरन्तरता दिइएको छ । नेपाल सरकारले २०६५ असोज ३ गते सार्वजनिक गरेको बजेट वक्तव्यसँग तादाम्यता मिलाई आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीति तयार पारिएको छ ।

### मौद्रिक नीतिको अडान

४३. समष्टिगत आर्थिक व्यवस्थापनमा हाल मूल्य वृद्धि प्रमुख चुनौतीको रूपमा देखापरेको छ । नेपालमा मात्र होइन, विश्वमा नै मूल्य वृद्धि मुख्य आर्थिक समस्याको रूपमा रहेको माथि उल्लेख भइसकेको छ । मूल्य नियन्त्रणका लागि मौद्रिक नीतिको प्रयोग अहिले सार्वजनिक चासोको विषय बनेको छ ।

४४. हाल नेपालमा भइरहेको मूल्य वृद्धिको प्रमुख कारण खाद्यान्न र इन्धनको मूल्य वृद्धि रहेको स्थितिमा मूल्य वृद्धि नियन्त्रण मौद्रिक उपायबाट हुन सक्ने/नसक्नेबारे बहस हुने गरेको छ। यसका साथै ने.रू. को भारतीय रूपैयाँ (भा.रू.) सँग स्थिर विनिमयदर प्रणाली रहेकोले नेपालको मूल्य केही हदसम्म आयातीत रहने स्थिति पनि छ। उपभोक्ता मूल्य सूचकाङ्कमा व्यापारिक (Tradables) र अव्यापारिक वस्तु (Non-tradables) तथा सेवाको मूल्य रहेको हुन्छ। व्यापारिक वस्तुको मूल्य अन्तर्राष्ट्रिय मूल्यबाट प्रभावित हुने भएकाले नेपालको सन्दर्भमा मौद्रिक नीतिको प्रभाव अव्यापारिक वस्तु तथा सेवाको मूल्यमा सीमित रहने राय आउने गरेको छ। यो स्थितिमा मूल्य नियन्त्रणका लागि मौद्रिक नीतिको अडान तय गरिनुको औचित्यबारे विश्लेषण हुन त्यत्तिकै आवश्यक छ।

४५. अधिक मौद्रिक विस्तारले अव्यापारिक वस्तु तथा सेवाको मूल्य वृद्धि गराउन सक्ने भएकाले मूल्यमा चाप परिरहेको अवस्थामा मौद्रिक नीतिको अडान सतर्कपूर्ण हुन पनि जरूरी छ। यो भनाई मूल्य वृद्धि भइरहेको अवस्थामा मौद्रिक सहजताको स्थिति हुनु हुँदैन भन्ने हो।

४६. मौद्रिक नीतिको अडान तय गर्दा वस्तु तथा सेवा (उपभोक्ता) को मुद्रास्फीतिलाई मात्र वा शेयर, घरजग्गा तथा मुद्राको समेत गरी सम्पत्तिको मूल्य (Asset prices) समेतलाई आधार बनाउनेबारे बहसको विषय बनेको छ। नेपाल सानो तथा खुला अर्थतन्त्र र स्थीर विनिमयदर प्रणाली रहेको मुलुकको सन्दर्भमा आन्तरिक उपभोक्ता मुद्रास्फीति अन्तर्राष्ट्रिय मूल्यबाट बढी प्रभावित हुने देखिए तापनि अधिक मौद्रिक विस्तारले अल्पकालमा शेयर, रियल इस्टेट (घरजग्गा) र मुद्राको मूल्यलाई प्रभाव पार्ने सम्भावना रहन्छ।

४७. अधिक मौद्रिक विस्तारले शेयरको मूल्यमा उतारचढाव ल्यायो भने बैंकिङ्ग क्षेत्रलगायत अर्थतन्त्रमा प्रतिकूल असर पर्ने हुन्छ। बैंक तथा वित्तीय संस्थाहरूले शेयरको धितोमा कर्जा प्रवाह गर्ने भएकाले शेयरको मूल्य माथि गई तल झर्दा निष्कृय कर्जाको मात्रा बढ्ने र बैंकिङ्ग क्षेत्रमा सङ्कट आउने हुन्छ। यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकको बैंकिङ्ग क्षेत्रको स्वस्थ्यता (Soundness) तथा स्थायित्व कायम गर्ने उद्देश्य हासिल हुन सक्दैन। शेयरको मूल्य अनावश्यक ढङ्गले माथि जाने र तल झर्ने गऱ्यो भने धितोपत्र बजारको दीगो विकास हुन पनि सक्दैन। यस्तो स्थितिमा लगानीकर्ताले धितोपत्र बजारमार्फत साधन परिचालन गर्न सक्ने वातावरण रहँदैन। यही वस्तुस्थितिलाई दृष्टिगत गरी २०६४ असोजदेखि यस बैंकले शेयरको धितोमा प्रवाह हुने कर्जाको सीमा तोक्नु परेको हो। तसर्थ, वित्तीय बजारको स्थितिलाई समेत ध्यानमा राखेर मौद्रिक नीतिको अडान तय गर्नुपर्ने हुन्छ।

४८. हालका वर्षहरूमा शहरी वस्ती विस्तार भइरहेको छ। विप्रेषणमा उल्लेख्य वृद्धि र बैंक तथा वित्तीय संस्थाहरूले रियल इस्टेटमा कर्जा प्रवाह बढाएका समेतले गर्दा घरजग्गाको मूल्यमा अत्यधिक वृद्धि भइरहेको छ। घरजग्गा धितोको मूल्याङ्कनको आधारमा बैंकहरूले सो क्षेत्रतर्फ कर्जा प्रवाह गर्ने भएकाले घरजग्गाको मूल्यमा आउने उतारचढावले बैंकिङ्ग क्षेत्रलाई प्रभाव पार्ने गर्दछ। बैंकहरूले रियल इस्टेटमा प्रवाह गरेको कर्जाको उल्लेख्य मात्रा र रियल इस्टेटको बढ्दै गरेको मूल्यलाई समेत दृष्टिगत गरी आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडान तय गरिएको छ।

४९. सर्वसाधारणले आफ्नो नगद सम्पत्ति बैंक तथा वित्तीय संस्थाहरूमा विविध किसिमको निक्षेप खाता खोली राख्ने गर्दछन्। मुद्राको आन्तरिक मूल्य बजार ब्याजदरले प्रतिविम्ब गर्दछ।

वस्तु तथा सेवा, शेयर र घरजग्गाको मूल्य बढिरहेको माथि उल्लेख भइसकेको छ। तर मुद्रास्फीति बढेको तुलनामा मुद्रा निक्षेपको ब्याजदर बढ्न सकेको छैन भने उच्च मुद्रास्फीतिका कारण यथार्थ ब्याजदर लामो समयसम्म ऋणात्मक रहेको अवस्था छ। अधिक तरलताको स्थितिले गर्दा प्रचलित ब्याजदर बढ्न नसकेको हो। वस्तु, शेयर र घरजग्गामा आफ्नो सम्पत्ति सञ्चय गर्ने सर्वसाधारणलाई फाइदा भइरहेको छ भने बैंक तथा वित्तीय संस्थाहरूमा आफ्नो सम्पत्ति सञ्चय गर्नेहरूलाई नोक्सान भइरहेको छ। यो स्थितिले एकातिर वस्तु, शेयर र घरजग्गामा लगानी गर्न सर्वसाधारणलाई प्रोत्साहित गरेको र यस क्रममा यी वस्तुहरूको मूल्यमा चाप सिर्जना भइरहेको छ भने अर्कोतिर वित्तीय साधन परिचालन तथा कुशल बाँडफाँडमा प्रतिकूल असर परिरहको छ। विप्रेषण आप्रवाहको उल्लेख्य वृद्धि र वस्तु, शेयर तथा घरजग्गामा लगानी गरिरहेकाहरूबाट कारोबार सञ्चालनका लागि बैंक तथा वित्तीय संस्थाहरूसँग निक्षेप यथेष्ट मात्रामा रहे तापनि वित्तीय साधनको कुशल बाँडफाँड हुन सकिराखेको छैन। यो स्थितिलाई सम्बोधन गर्न पनि आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडान कडा हुन आवश्यक देखिएको छ।

५०. आर्थिक वर्ष २०६५/६६ को बजेटको आकार अघिल्ला वर्षहरुको तुलनामा बढेको छ । त्यस्तैगरी, नेपाल सरकारको खुद आन्तरिक ऋण (नेपाल राष्ट्र बैंकसँग नगद मौज्दात/अधिविकर्ष बाहेक) को कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात आर्थिक वर्ष २०६४/६५ को १.४५ प्रतिशतको दाँजोमा आर्थिक वर्ष २०६५/६६ मा १.९८ प्रतिशत रहने प्रक्षेपण छ । यो स्थितिमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्न मौद्रिक नीति केन्द्रित गर्नुपर्ने हुन्छ । यसका साथै अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य अझै उच्च रहेकोले तेल आयात (मूल्य) उल्लेख बढिरहेको छ। सस्तो ब्याजदरका कारण समेत उपभोग्य आयातमा विस्तार आएको छ। यी सबै कारणहरूले गर्दा आयात बढ्दै जाने हो र वस्तु निर्यात शिथिल रहने क्रम यथावत् रहने हो भने बाह्य क्षेत्र स्थायित्व कायम गर्न विप्रेषण पर्याप्त नहुनसक्छ। यी उल्लेखित कारणहरूले गर्दा विकसित हुनसक्ने वित्तीय असन्तुलनको स्थितिलाई सम्बोधन गर्न र समष्टिगत आर्थिक स्थायित्व कायम गरी राख्न पनि आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको अडान कडा हुनुपर्ने देखिन्छ।

**आर्थिक तथा मौद्रिक लक्ष्य**

५१. आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको प्रमुख आर्थिक लक्ष्य मुद्रास्फीतिकारी अपेक्षामा अंकुश लगाउने रहको छ। २०६५ जेष्ठ २७ गते पेट्रोलियम पदार्थको मूल्यमा गरिएको समायोजनको पहिलो चरणको असर आर्थिक वर्ष २०६५/६६ को पहिलो १० महिनासम्म परिरहने देखिन्छ। दोस्रो चरणको असर स्वरूप सार्वजनिक सवारी साधनको भाडामा पनि वृद्धि भइसकेको छ। यी दुवै कारणहरूले गर्दा आर्थिक वर्ष २०६५/६६ को चार/पाँच महिनासम्म मुद्रास्फीतिदर एकल अङ्क नाघ्ने देखिए तापनि वर्षेवाली भित्र्याउन थालेपछि खाद्यान्न वस्तुहरूको मूल्यमा सुधार आई मुद्रास्फीति एकल अङ्कमा सीमित रहने अनुमान छ। पेट्रोलियम पदार्थको मूल्यमा थप समायोजन भएन भने आर्थिक वर्ष २०६५/६६ मा वार्षिक औसत मुद्रास्फीति ७.५ प्रतिशत रहने प्रक्षेपण छ।

५२. आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको दोस्रो प्राथमिक लक्ष्य पर्याप्त मात्रामा विदेशी विनिमय सञ्चिति कायम राख्ने रहेको छ। विदेशी विनिमय सञ्चिति पर्याप्तताका विविध सूचकहरूमध्ये एक निश्चित अवधिको वस्तु तथा सेवाको आयातलाई लिइने छ। विदेशी मुद्रा

आर्जन गर्ने स्रोतहरूलाई दृष्टिगत गरी आर्थिक वर्ष २०६५/६६ को लागि कमसेकम ६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने विदेशी विनिमय सञ्चितिको लक्ष्य निर्धारण गरिएको छ। आयात र विदेशी विनिमय आर्जनका स्रोतहरूको विद्यमान प्रवृत्तिलाई दृष्टिगत गर्दा विदेशी विनिमय सञ्चितिको उक्त लक्ष्य हासिल गर्न आर्थिक वर्ष २०६५/६६ को लागि शोधनान्तर बचत लक्ष्य रू १२ अर्ब रहेको छ।

५३. आर्थिक वर्ष २०६५/६६ मा कृषि उत्पादन वृद्धिदर सन्तोषजनक रहने अनुमान छ। निर्यातजन्य उद्योगहरूमा तत्कालै ठूलो सुधार आउन कठिनाई देखिए तापनि आन्तरिक मागमा आधारित उद्योगहरूको उत्पादनमा विस्तार आउने अनुमान छ। सेवा क्षेत्रको विस्तार सन्तोषजनक रहने अनुमान छ। आर्थिक वर्ष २०६४/६५ मा आधारभूत मूल्यमा आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहेकोमा यी सबै कारणहरूले गर्दा आर्थिक वर्ष २०६५/६६ मा हालै सार्वजनिक गरिएको बजेट वक्तव्यमा उल्लेखित ७.० प्रतिशत आर्थिक वृद्धि हासिल हुनसक्ने सम्भावना छ। सो आर्थिक वृद्धिदर हासिल गर्न सहजता प्रदान गर्न आवश्यक पर्ने मौद्रिक तरलताको व्यवस्थापन गरिने छ।

५४. मौद्रिक लक्ष्यतर्फ, आर्थिक वर्ष २०६५/६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर १८.५ प्रतिशत रहने प्रक्षेपण छ। आर्थिक वर्ष २०६४/६५ मा विस्तृत मुद्रा प्रदाय वृद्धिदर २५.२ प्रतिशत रहेको छ। आर्थिक वृद्धि ७.० प्रतिशत रहने र मुद्रास्फीतिलाई एकल अङ्क अर्थात् ७.५ प्रतिशतमा सीमित गर्नुपर्ने आधारमा आर्थिक वर्ष २०६५/६६ मा विस्तृत मुद्रा प्रदायको वृद्धिदर अघिल्लो वर्षको तुलनामा न्यून राखिएको हो। उच्च आर्थिक वृद्धिलाई आवश्यक पर्ने मौद्रिक तरलताको अघिल्लो वर्षको अधिक तरलता (liquidity overhang) ले पूर्ति गर्ने अनुमान छ। विस्तृत मुद्रा प्रदायको स्रोतमध्ये आन्तरिक कर्जामा विस्तार आउने अनुमान गरिए तापनि सोको कारणले खुद वैदेशिक सम्पत्तिलाई निस्प्रभावी गर्ने भएकाले मौद्रिक विस्तार नियन्त्रित रहने प्रक्षेपण गरिएको हो।

५५. आर्थिक वर्ष २०६५/६६ मा कुल आन्तरिक कर्जा २३.३ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा नेपाल सरकारले कुल आन्तरिक ऋण रु २५ अर्ब परिचालन गर्ने उल्लेख छ। आर्थिक वर्ष २०६४/६५ मा नेपाल सरकारले रू २० अर्ब ५० करोड कुल आन्तरिक ऋण परिचालन गरेको थियो। कुल आन्तरिक बैंक कर्जामध्ये वाणिज्य बैंकहरूबाट निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर अघिल्लो वर्षको २४.३ प्रतिशतको तुलनामा आर्थिक वर्ष २०६५/६६ मा २५.० प्रतिशत रहने प्रक्षेपण छ।

**मौद्रिक नीति सञ्चालन तथा उपकरण**

५६. आर्थिक वर्ष २०६५/६६ देखि मौद्रिक नीति सञ्चालनका निम्ति समकक्षीको दायरा फराकिलो पारिएको छ। यसअघि वाणिज्य बैंकहरू मात्र समकक्षी रहने गरेकोमा अबदेखि विकास बैंक र वित्त कम्पनीलाई पनि सो हैसियत दिइने छ। मौद्रिक नीतिको सञ्चालनका लागि समकक्षीको रूपमा लिइएका बैंक तथा वित्तीय संस्थाहरूलाई दिइँदै आएको दुई किसिमको विशेष सुविधालाई निरन्तरता दिइने छ। पहिलो सुविधा, समकक्षीको रूपमा यस बैंकले मौद्रिक उपकरणको रूपमा दोस्रो खुला बजार कारोबार वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीसँग मात्र सञ्चालन गर्नेछ। दोस्रो सुविधा, नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा अल्पकालीन स्थायी तरलता सुविधा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीलाई

मात्र दिइने छ। मौद्रिक नीति सञ्चालन गर्दा समकक्षीको हैसियतले सहयोग गरून् र जवाफदेही ढङ्गले प्रस्तुत हुन् भनेर उपरोक्त दुई विशेष सुविधा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीलाई मात्र दिएको हो। यसभन्दा अगाडि दोस्रो खुला बजार कारोबार र स्थायी तरलता सुविधा वाणिज्य बैंकहरूलाई मात्र दिइएको थियो। यी उपरोक्त सुविधा पाउन यस बैंकले जारी गरेको एकीकृत निर्देशनहरूमा उल्लेखित तथ्याङ्क तोकिएको ढाँचा र समयमा नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ। यस नयाँ व्यवस्थाबाट मौद्रिक नीति कार्यान्वयनको प्रभावकारिता बढ्ने यस बैंकको विश्वास छ।

५७. वाणिज्य बैंकहरूसँगको अनिवार्य नगद अनुपात बाहेकको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिइने व्यवस्थालाई आर्थिक वर्ष २०६५/६६ मा पनि यथावत् कायम गरिएको छ। तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको माध्यमबाट वाणिज्य बैंकहरूसँगको अधिक तरलताको प्रक्षेपण गर्ने कार्यलाई निरन्तरता दिइने छ। यसका साथै वाणिज्य बैंकहरूबाट उनीहरूसँग रहेको निक्षेप, कर्जा तथा नगद मौज्दातसम्बन्धी विवरण मगाई यस बैंकले तरलता स्थितिको अनुगमन गर्ने व्यवस्थालाई समेत चालू आर्थिक वर्षमा निरन्तरता दिइने छ।

५८. मौद्रिक नीतिको प्रमुख उपकरणको रूपमा खुला बजार कारोबारलाई लिइने छ। आवश्यकताअनुसार सोझै खरिद बोलकबोल (Outright purchase auction) तथा रिपो बोलकबोल र सोझै बिक्री बोलकबोल (Outright sale auction) तथा रिभर्स रिपो बोलकबोल जस्ता खुला बजार उपकरणहरूको माध्यमबाट तरलता प्रवाह र प्रशोचन गरी मौद्रिक व्यवस्थापन गरिने छ।

५९. खुला बजार कारोबार उपकरणहरूमध्ये सोझै बिक्री तथा सोझै खरिद बोलकबोल बहु मूल्यमा गरिने व्यवस्थालाई यथावत् कायम गरिएको छ। रिपो तथा रिभर्स रिपो बोलकबोल बहु ब्याजदर बोलकबोलमा सञ्चालन गरिने व्यवस्थालाई निरन्तरता दिइने छ। आवश्यकताअनुसार खुला बजार कारोबार कुनै पनि कार्यालय दिनमा गरिने छ। खुला बजार कारोबार नेपाल सरकारको ट्रेजरी बिल्समा गरिने छ। रिपो तथा रिभर्स रिपो बोलकबोलको अधिकतम २८ दिने अवधिलाई यथावत् कायम गरिएको छ।

६०. अन्तिम ऋणदाताको सुविधा र वाणिज्य बैंकहरूको नगद व्यवस्थापनका लागि खुला बजार कारोबार सञ्चालन गरिने छैन। तसर्थ, खुला बजार कारोबार वाणिज्य बैंकहरूको पहलमा नभई यस बैंकको पहलमा मात्र सञ्चालन गरिने छ। यस बैंकले खुला बजार कारोबारको लागि पहल गर्दा मौद्रिक नीतिका उद्देश्यहरूको अवस्था र तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले इङ्गित गर्ने परिणामलाई मुख्य आधारको रूपमा लिने छ।

६१. मुद्रास्फीति, विभिन्न किसिमका सम्पत्तिको मूल्य (Asset prices) मा देखिएको चापको स्थिति र बजेट घाटाको विस्तारले समष्टिगत अर्थतन्त्रमा आउन सक्ने असन्तुलनलाई सन्तुलनमा ल्याउन मौद्रिक कडाई (Monetary tightening) को सङ्केतको रूपमा कुल स्वदेशी निक्षेपमा लगाउँदै आएको अनिवार्य नगद अनुपात विद्यमान ५.० प्रतिशतबाट ५.५ प्रतिशत कायम गरिएको छ। यस नीतिगत परिवर्तनबाट रू १ अर्ब ९२ करोड तरलता व्यवस्थापन हुनेछ।

६२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले यस बैंकसँग खाता रहेका वाणिज्य बैंक तथा वित्तीय संस्थालाई उक्त ऐनमा उल्लेखित जायजेथाको सुरक्षणमा बढीमा ६ महिनाको लागि डिस्काउण्ट कारोबार सुविधा र कर्जा तथा पुनर्कर्जा प्रदान गर्नसक्ने उल्लेख गरेको छ । नेपाल सरकारले अनुरोध गरेको खण्डमा असाधारण अवस्थामा बढीमा एक वर्षसम्मका लागि वाणिज्य बैंक तथा वित्तीय संस्थालाई अन्तिम ऋणदाता सुविधा दिन सकिने व्यवस्था छ । उक्त ऐनले यस्तो ऋण सुविधाको शर्त तथा प्रक्रिया यस बैंकले निर्धारण गरेबमोजिम रहने उल्लेख गरेको छ । वित्तीय बजारभित्रैबाट (अन्तरबैंक) र खुला बजार तथा स्थायी तरलता सुविधाबाट आवश्यक तरलता आपूर्ति हुन सकेन भने यस बैंकसँग खाता रहेका वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बढीमा ६ महिनाको लागि बैंकदरमा अन्तिम ऋण दाता सुविधा दिइने छ । यस बैंकमा अनिवार्य नगद अनुपात कायम गर्नको लागि राखेको नगद मौज्दात, नेपाल सरकारको ऋणपत्र र असल कर्जाको धितोमा यो सुविधा दिइने छ । यो ऋण सुविधा लिंदा ६ महिनाभित्र आवश्यक मात्रामा तरलता कायम गर्न यस बैंकले तोकेका सर्तहरू पालना गर्नुपर्ने हुन्छ । यो सुविधाको दुरूपयोग नहोस् भन्ने र मौद्रिक नीतिको कडा अडानलाई सङ्केत गर्ने उद्देश्यले विद्यमान बैंकदर ६.२५ प्रतिशतलाई ६.५ प्रतिशत कायम गरिएको छ ।

६३. नेपाली निर्यातको स्थिति सन्तोषजनक नरहेकोले नेपाली निर्यातको प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने उद्देश्यले नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनर्कर्जादरलाई साविकको २.५ प्रतिशतबाट घटाई २.० प्रतिशत कायम गरिएको छ । वाणिज्य बैंकहरूले यो सुविधा उपयोग गरी सम्बन्धित ऋणीलाई ऋण प्रवाह गर्दा ५.० प्रतिशत भन्दा बढी ब्याज लिन पाउने छैनन् । वाणिज्य बैंकहरूलाई विदेशी मुद्रामा उपलब्ध गराइने निर्यात पुनर्कर्जाको ब्याजदर प्रचलित लाइवोरमा (libor rate) ०.२५ बिन्दु प्रतिशत थपेर कायम गरिने छ ।

६४. आर्थिक वर्ष २०५८/५९ देखि शुरू गरिएको रूग्ण उद्योग पुनर्कर्जा सुविधा आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइनेछ । आर्थिक वर्ष २०६५/६६ को लागि साविकको शर्तअनुसार रूग्ण उद्योग पुनर्कर्जा सुविधा रू २ अर्ब प्रदान गर्न सकिने व्यवस्था यथावत् कायम गरिएको छ । यो सुविधामा लिइने पुनर्कर्जादर १.५ प्रतिशत यथावत् कायम गरिएको छ । यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ग्राहकबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।

६५. आर्थिक वर्ष २०६१/६२ देखि वाणिज्य बैंकहरूलाई नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा प्रदान गरिंदै आएको स्थायी तरलता सुविधालाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइएको छ । मौद्रिक नीतिको उद्देश्य प्राप्तिका लागि नभई आन्तरिक भुक्तानी प्रणालीमा आउन सक्ने जोखिमलाई सम्बोधन गर्ने उद्देश्यले व्यवस्था गरिएको यो सुविधा वाणिज्य बैंकहरूको पहलमा उपलब्ध गराइने छ । यो सुविधाको समयावधि अधिकतम पाँच दिन यथावत् कायम गरिएको छ । वाणिज्य बैंकहरूले यो सुविधाअन्तर्गत यस बैंकबाट आर्थिक वर्ष २०६३/६४ मा रू ४७ अर्ब कर्जा उपयोग गरेकोमा आर्थिक वर्ष २०६४/६५ मा रू १०३ अर्ब ८३ करोड उपयोग गरेको माथि उल्लेख भइसकेको छ । ट्रेजरी बिल्स र विकास ऋणपत्रको दोस्रो बजार विकास हुन नसकेकोले पनि वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अत्यधिक रूपले उपयोग गर्दै आएका छन् ।

६६. स्थायी तरलता सुविधा अन्तिम सुरक्षा कवचको रूपमा उपयोग हुनुपर्नेमा पहिलो (तरलता सुविधा) सुरक्षा कवचको रूपमा उपयोग भइरहेको छ । यो सुविधाको अत्यधिक उपयोगले

अर्थतन्त्रमा पर्नसक्ने दुश्परिमाणलाई रोक्न र अन्तरबैंक मुद्रा बजारलाई प्रोत्साहन गर्न स्थायी तरलता सुविधामा लगाउँदै आएको पेनाल ब्याजदर साविकको २.० प्रतिशतबाट ३.० प्रतिशत कायम गरिएको छ। पछिल्लो ९१-दिने ट्रेजरी बिल्सको औसत ब्याजदर वा विगत एक महिनाभित्रको पछिल्लो रिपो बोलकबोल ब्याजदर, जुन अधिकतम छ, त्यसमा पेनाल ब्याजदर थपेर स्थायी तरलता सुविधा ब्याजदर गणना गर्ने विधि यथावत् कायम गरिएको छ।

६७. नयाँ सञ्चालनमा आएका वाणिज्य बैंकहरूसँग नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्र आवश्यक मात्रामा हुन नसक्ने स्थितिलाई दृष्टिगत गरी स्थायी तरलता सुविधा सीमा विद्यमान ७५ प्रतिशतबाट ९० प्रतिशत कायम गरिएको छ।

**कर्जा तथा लघु वित्त व्यवस्थापन**

६८. नेपालको सन्दर्भमा संस्थागत कर्जा व्यवस्थापनका तीन पक्षहरू रहेको यस बैंकको धारणा छ। पहिलो पक्ष, परम्परागत उद्योग, व्यापार र उपभोग क्षेत्रमा जाने कर्जाको व्यवस्थापन हो भने दोस्रो पक्ष पूर्वाधार क्षेत्रमा जाने दीर्घकालीन प्रकृतिको कर्जाको व्यवस्थापन हो। तेस्रो पक्ष वित्तीय समावेशी मुद्दालाई सम्वोधन तथा लघुवित्त व्यवस्थापन हो।

६९. बढ्दो संख्यामा संचालनमा आइरहेका वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरू मार्फत् हाल उद्योग, व्यापार र उपभोग क्षेत्रका लागि आवश्यक पर्ने कर्जाको आपूर्ति परम्परागत ढङ्गले भइरहेको छ। वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूले अल्पकालीन निक्षेप तथा ऋण परिचालन मार्फत् उद्योग, व्यापार र उपभोग क्षेत्रमा परम्परागत रूपमा कर्जा प्रवाह गरिराखेका छन्। यस बैंकले उद्योग, व्यापार र उपभोग क्षेत्रमा प्रवाह हुने कर्जाको व्यवस्थापन मौद्रिक उपाय र एकल कर्जा सीमाको व्यवस्थामार्फत् गर्दै जाने नीतिलाई निरन्तरता दिनेछ।

७०. पूर्वाधार क्षेत्रको विकासको लागि आवश्यक पर्ने कर्जा व्यवस्थापन कार्य भने चुनौतीपूर्ण रहेको छ। वाणिज्य बैंकहरूले अल्पकालीन प्रकृतिको वित्तीय साधन परिचालन गर्ने र हाल संचालनमा रहेका विकास बैंकहरूको पूँजीको आधार सानो रहेकोले पूर्वाधार क्षेत्रको लागि आवश्यक पर्ने दीर्घकालीन प्रकृतिको कर्जा व्यवस्थापनमा चुनौती देखिएको छ। यो चुनौतीलाई केही हदसम्म सम्वोधन गर्न बैंक तथा वित्तीय संस्थाहरूबाट जलविद्युत जस्तो परियोजनाहरूमा लगानी गर्न सहज होस् भन्ने उद्देश्यले आर्थिक वर्ष २०६४/६५ मा एकल कर्जा सीमा २५ प्रतिशतबाट ५० प्रतिशत पुर्‍याइएको व्यवस्थालाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइनेछ। लघु जलविद्युत परियोजनामा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरुको कर्जालाई विपन्न वर्ग कर्जामा समावेश गरिनेछ। यस व्यवस्थाबाट जलविद्युत परियोजनामा लगानी गर्न बैंक तथा वित्तीय संस्थाहरु अभिप्रेरित हुने यस बैंकले विश्वास लिएको छ।

७१. देशमा विद्यमान ठूला पूर्वाधार उद्योग विकासका लागि देशभित्रैबाट वित्तीय लगानी जुटाउन सक्ने पूर्वाधार विकास बैंकको स्थापनाका लागि नेपाल सरकारले आर्थिक वर्ष २०६५/६६ को बजेटमा रु २५ करोड छुट्याएको छ। बजेट वक्तव्यमा चालू आर्थिक वर्षमा निजी क्षेत्र र नेपाल सरकारको संयुक्त सहभागितामा सो बैंक स्थापना गरिने उल्लेख छ। यस्तो प्रकृतिको

बैंक स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्न यस बैंकले पूँजी, लगानी, खराब कर्जा जगेडा जस्ता नियमन मापदण्डहरूको छुट्टै व्यवस्था गर्नेछ ।

७२. पूर्वाधार क्षेत्रमा लगानी गर्न ठूलो परिमाणमा आवश्यक पर्ने वित्तीय साधन परिचालन गर्ने कार्य सहज होस् भन्ने उद्देश्यले पूँजीको आधारमा विस्तार ल्याउन यस बैंकले बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभिन प्रोत्साहित गर्नेछ । हालसालै केही बैंक तथा वित्तीय संस्थाहरूले एक आपसमा गाभिन देखाएको तत्परताबाट बैंक उत्साही भएको छ । यस अघि २०६१ साउन ११ गते हाइसेफ वित्त कम्पनी लक्ष्मी बैंकमा गाभिएको थियो भने २०६४ असोज १ गते नेपाल बंगलादेश लिजिङ्ग एण्ड फाइनान्स लिमिटेड नेपाल बंगलादेश बैंकसँग गाभिएको थियो । अबको वित्तीय क्षेत्र सुधारको कडी वित्तीय सुदृढीकरण भएकोले वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनी आ-आफ्नो वित्तीय खण्डबीच तथा एक आपसमा गाभिने प्रक्रियाले शिघ्रता प्राप्त गर्ने कुरामा बैंक आशावादी छ ।

७३. वित्तीय समावेशी मुद्दालाई सम्बोधन र लघुकर्जा विस्तारका लागि भएका नीतिगत व्यवस्थाहरूमध्ये ग्रामीण विकास बैंकहरूलाई आवश्यकताअनुसार पुनर्कर्जा प्रदान गर्ने कार्यलाई यस बैंकले निरन्तरता दिनेछ । यस्तो पुनर्कर्जामा लगाइने पुनर्कर्जादर आर्थिक वर्ष २०६५/६६ मा पनि ३.५ प्रतिशत यथावत् राखिएको छ ।

७४. साना तथा घरेलु उद्योगहरूलाई प्रवाह गरेको कर्जा धितोमा वाणिज्य बैंक तथा विकास बैंकहरूलाई २.५ प्रतिशत ब्याजदरमा पुनर्कर्जा उपलब्ध गराउने व्यवस्थालाई यथावत् कायम गरिएको छ । मुद्रास्फीति दर उच्च रहेको विद्यमान स्थितिमा सो पुनर्कर्जादर नबढाई साना तथा घरेलु उद्योगहरूलाई केही राहत पुऱ्याउने उद्देश्यले यस्तो दर यथावत् राखिएको हो । वाणिज्य बैंक तथा विकास बैंकले यो सुविधाको उपयोग गर्दा सम्बन्धित ऋणीहरूबाट ५.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन् ।

७५. वित्तीय समावेशी मुद्दालाई सम्बोधन गर्न र लघुकर्जामा विस्तार ल्याउन आर्थिक वर्ष २०६५/६६ देखि वाणिज्य बैंकहरूको लागि विपन्न क्षेत्रमा जाने कर्जा साविकको अनुपात यथावत् कायम गरी विकास बैंकहरूले १.५ प्रतिशत र वित्त कम्पनीहरूले समेत आफ्नो कुल कर्जाको १ प्रतिशत विपन्न वर्गमा अनिवार्य रूपले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ । यस अघि वाणिज्य बैंकहरूले आफ्नो कुल कर्जाको ३ प्रतिशत र विकास बैंकहरूले १ प्रतिशत विपन्न वर्गमा अनिवार्य रूपले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको थियो ।

७६. आफ्नो स्वामित्वमा एउटा छुट्टै लघुवित्त संस्था खोली सो सहायक कम्पनी (Subsidiary Company) मार्फत् विपन्न वर्गमा कर्जा प्रवाह गर्ने प्रस्ताव हालसालै वाणिज्य बैंकहरूले अगाडि सारेका छन् । सो प्रस्तावलाई यस बैंकले सकारात्मक रूपमा लिएको छ । तसर्थ, वाणिज्य बैंकहरूले सो संस्था स्थापना गर्न चाहेमा र सोको लागि आवश्यक प्रक्रिया पुरा गरेमा कारोवारको अनुमति दिइनेछ । लघुवित्त कारोबार गर्ने "घ" वर्गको वित्तीय संस्थाको हकमा एकाघर परिवार, फर्म, कम्पनी वा सङ्गठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्ता पूँजीको २५.० प्रतिशतसम्म हुनसक्ने विद्यमान व्यवस्था रहेकोमा यसरी सहायक कम्पनी स्थापना गर्न वाणिज्य बैंकबाट अनुरोध भई आएमा त्यस्तो शेयर लगानीको सीमामा छुट दिने आवश्यक व्यवस्था मिलाइने छ ।

७७. नेपाल सरकारबाट राष्ट्रिय लघुवित्त नीति, २०६४ जारी भइसकेको छ। उक्त नीतिको कार्यान्वयनका लागि आर्थिक वर्ष २०६५/६६ भित्रै लघुवित्त ऐन मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिनेछ।

७८. राष्ट्रिय लघुवित्त नीति, २०६४ मा लघुवित्त विकास बैंक, वित्तीय सहकारी र वित्तीय गैरसरकारी संस्थाहरूको निरीक्षण तथा सुपरिवेक्षण गर्न एक छुट्टै दोस्रो तहको निकाय (Second Tier Institution) गठन गरिने उल्लेख छ। सो संस्थाको स्थापनाको लागि बैंक प्रयत्नरत रहने छ। उक्त प्रस्तावित दोस्रो तहको निकायको नियमन तथा सुपरिवेक्षण यस बैंकले गर्नेछ।

७९. आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा विद्यमान थोक लघुवित्त प्रदायक संस्थाहरुलाई एकीकृत गरी राष्ट्रिय स्तरको लघुवित्त कोष स्थापना गर्ने उल्लेख छ। साथै, उक्त बजेट वक्तव्यमा ग्रामीण स्वावलम्बन कोषको लागि रु १० करोड उपलब्ध गराइने उल्लेख छ। यस बैंकले सो प्रस्तावित कोषको स्थापनाका लागि आवश्यक सहयोग पुऱ्याउने छ।

८०. अर्गेनिक कफीको माग अन्तर्राष्ट्रिय बजारमा समेत बढ्दै गएकोले मुलुकको केही जिल्लाहरूमा कृषकहरू कफी खेतीतर्फ आकर्षित भइरहेका छन्। कफी खेतीको विकास र विस्तारको लागि कार्यरत ग्रामीण क्षेत्रका वित्तीय संस्थाहरूलाई आर्थिक वर्ष २०६५/६६ देखि ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा उपलब्ध गराइने छ।

८१. वैदेशिक रोजगारको लागि दलित, जनजाति, महिला, उत्पीडित, मधेशी अल्पसंख्यक तथा पिछडिएका वर्गका मानिसहरूले लिएको ऋणको धितोमा वाणिज्य बैंक तथा विकास बैंकहरूलाई रू ५० करोडसम्मको पुनर्कर्जा सुविधा उपलब्ध गराउने व्यवस्थालाई आर्थिक वर्ष २०६५/६६ मा पनि यथावत् कायम गरिएको छ। यो सुविधामा लगाइने पुनर्कर्जा दर १.५ प्रतिशत रहने छ। यो सुविधा उपयोग गर्दा वाणिज्य बैंक तथा विकास बैंकहरूले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी ब्याज लिन पाउने छैनन्। उपरोक्त वर्गको परिभाषा नेपाल सरकारले गरे बमोजिम हुनेछ।

८२. नेपाल सरकारको युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जाने कामदारलाई वाणिज्य बैंकहरूमार्फत् प्रवाह भएको कर्जा तथा यस बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरूले कुनै पनि वाणिज्य बैंकबाट कर्जा लिई वैदेशिक रोजगारमा प्रवाह गरेको कर्जा रकमलाई समेत सम्बन्धित वाणिज्य बैंकको विपन्न वर्ग कर्जा लगानीमा गणना गरिने व्यवस्थालाई यथावत कायम राखिएको छ।

८३. विपन्न वर्ग कर्जा लगानीलाई प्रोत्साहित गर्न सामूहिक/व्यक्तिगत/संस्थागत जमानीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपन्न वर्गमा गणना हुने गरी प्रवाह गरिएको कर्जाको लागि अतिरिक्त बीस प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु नपर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।

८४. परिवर्तन गरिएका मौद्रिक उपायहरुमध्ये बैकदर, पुनरकर्जा दरहरु र स्थायी तरलता सुविधा पेनाल दर तत्कालै लागू हुनेछन् भने अनिवार्य नगद अनुपात लगायत अन्य उपायहरु आर्थिक वर्ष २०६५/६६ को दोश्रो त्रयमास अर्थात् २०६५ कार्तिक १ गतेदेखि लागू हुनेछन्। अनिवार्य

नगद अनुपात गणनाको लागि दुई हप्ता पहिलेको निक्षेप लिइने व्यवस्थालाई यथावत कायम गरिएको छ ।

**वित्तीय क्षेत्र सुधार, नियमन र सुपरिवेक्षण**

८५. बैंकिङ्ग क्षेत्रको स्वस्थ्य, स्थिरता र सुदृढीकरण कायम गर्ने उद्देश्यले वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई यस बैंकले निरन्तरता दिंदै आएको छ भने बैंक तथा वित्तीय संस्थाहरूको नियमन तथा सुपरिवेक्षण प्रक्रियामा समसामयिक परिमार्जन गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०५९/६० देखि विश्व बैंकको वित्तीय सहयोगमा शुरू गरिएको वित्तीय क्षेत्र सुधार कार्यक्रमलाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइने छ ।

८६. वित्तीय क्षेत्र सुधार कार्यक्रमका तीन भागहरूमध्ये नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकको पुनरसंरचना महत्वपूर्ण रहेको छ । बाह्य व्यवस्थापनको व्यवस्थापछि यी दुई बैंकहरूको कार्य सञ्चालनमा सुधार आएको छ र दुवै बैंक सञ्चालन मुनाफामा छन् । तर निष्कृय कर्जा असुलीमा अपेक्षा गरिएअनुरूप सुधार नआएकोले यी दुवैको नेटवर्थ हाल रू २३ अर्बले ऋणात्मक रहेको छ । नेपाल बैंक लिमिटेडमा नेपाल सरकारको आंशिक र राष्ट्रिय वाणिज्य बैंकमा पूर्ण स्वामित्व रहेको विद्यमान स्थितिमा पूँजी थप गरी ऋणात्मक रहेको नेटवर्थलाई पूँजी पर्याप्तताको स्तरमा ल्याउन तत्काल सम्भव नभएकोले यी दुवै बैंकलाई बाह्य व्यवस्थापनमा राख्ने कार्यलाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइने छ ।

८७. वित्तीय क्षेत्र सुधार कार्यक्रमको दोस्रो भाग अर्थात् नेपाल राष्ट्र बैंकको रि-ईञ्जिनियरिङ्गअन्तर्गत जनशक्तिको व्यवस्थापनमा सुधार, निरीक्षण तथा सुपरिवेक्षण क्षमतामा अभिवृद्धि, जनसम्पर्क कार्यमा सुधार र सूचना प्रविधि विकाससम्बन्धी कार्यक्रमहरूलाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइने छ ।

८८. वित्तीय क्षेत्र सुधार कार्यक्रमको तेस्रो भागको रूपमा वित्तीय क्षेत्रको क्षमता अभिवृद्धि रहेको छ । सो अन्तर्गत पर्ने ऋण असुली न्यायाधिकरण तथा कर्जा सूचना केन्द्रको सुदृढीकरण, राष्ट्रियस्तरको बैंकिङ्ग तालिम केन्द्रको स्थापना र नेपाली वित्तीय पत्रकारिताको विकास जस्ता कार्यक्रमहरूलाई आर्थिक वर्ष २०६५/६६ मा पनि निरन्तरता दिइने छ । आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई नियतवश ऋण नतिर्नेहरुका विरुद्ध गत वर्षभन्दा सख्त कारबाही गरिने तथा पाँच करोडभन्दा कमको निश्चित रकम साँवा ऋण भएकाहरु विरुद्धसमेत कारबाही गरिने र ऋण असूली न्यायाधिकरणमा रहेको मुद्दाको चापलाई दृष्टिगत गरी थप इजलास स्थापना गरिने उल्लेख भएबाट नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक तथा अन्य वाणिज्यसँग रहेको निस्क्रिय कर्जाको अनुपात चालू वर्षमा थप घट्ने यस बैंकको विश्वास छ ।

८९. ऋणीहरूको साख मूल्याङ्कनको आधारमा ऋण प्रवाह गरियो भने बैंक तथा वित्तीय संस्थाहरूलाई कर्जा व्यवस्थापन तथा कर्जाको शर्त तोक्न र निष्कृय कर्जा अनुपात घटाउन मद्दत पुग्न जाने हुन्छ । यसका साथै उच्च तहको साख मूल्याङ्कन प्रमाणपत्र पाउन प्रतिस्पर्धाको वातावरण सिर्जना भई निजी क्षेत्रको संस्थागत विकास र कारोवारमा पारदर्शिता समेत बढ्ने भएकोले साख मूल्याङ्कन संस्था स्थापना गर्न यस बैंकले निजी क्षेत्रलाई प्रोत्साहन

गर्नेछ। बैंकहरूको समेत साख मूल्याङ्कन हुने भएकोले यस व्यवस्थाबाट बैंकहरूको बजार शक्तिको अनुगमन हुन जानेछ भने निक्षेपकर्तालाई राम्रो बैंक छनौट गर्न सघाउ पुग्नेछ।

९०. सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ लागू भई सोही ऐन अन्तर्गत वित्तीय सूचना सङ्कलन, विश्लेषण र जाँचबुझको कार्य गर्न नेपाल राष्ट्र बैंकमा वित्तीय जानकारी एकाइ स्थापना भइसकेको छ। ऐन अन्तर्गतको कसूरको अनुसन्धान तथा छिनोफानो गर्न नेपाल सरकार सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागको स्थापना गर्ने क्रममा रहेको छ। यस सन्दर्भमा वित्तीय जानकारी एकाइलाई आवश्यक भौतिक साधन उपलपब्ध गराई दक्षता अभिवृद्धि गरी प्रभावकारी पारिने छ। सम्पत्ति शुद्धिकरण निवारण ऐनलाई कार्यान्वयनमा ल्याउन सम्पत्ति शुद्धिकरण निवारण नियम तयार गरी नेपाल सरकारमा पेश गरिने छ।

९१. सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कार्यमा हुने लगानी विरूद्ध सामूहिक अन्तर्राष्ट्रिय प्रयास स्वरूप विभिन्न देशहरूका वित्तीय जानकारी एकाइहरूको अन्तर्राष्ट्रिय सङ्गठन "इग्मोण्ट ग्रुप" स्थापना भई सोमा १०६ राष्ट्र सामेल भइसकेको सन्दर्भमा नेपालको वित्तीय जानकारी एकाइलाई पनि सोमा सामेल हुने प्रक्रिया थालिने छ। साथै, यसतर्फ अन्य मुलुकहरूसँग समझदारीपत्र तयार गरी सहयोग तथा सूचना आदान प्रदान गर्न शुरूवात गरिने छ। यस सम्बन्धमा विश्वका धेरै राष्ट्रहरूले आपसी सहयोग कानून निर्माण गरी लागू गरिसकेको हुँदा नेपालको लागि आपसी सहयोग ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिने छ।

९२. वित्तीय संस्थाहरूले निक्षेप परिचालनलाई विस्तारै कम महत्व दिंदै सापटीमार्फत् वित्तीय स्रोत परिचालनमा जोड दिएको देखिएको छ। यसबाट आउन सक्ने जोखिमलाई न्यूनीकरण गर्ने, वित्तीय स्रोत परिचालनमा निक्षेप सङ्कलनलाई बढी जोड दिने र सम्बन्धित संस्थाको तरलता व्यवस्थापनमा सुधार ल्याउने हेतुले वित्तीय स्रोत परिचालनमा कुल निक्षेपको एक तिहाईभन्दा बढी सापटी रकम हुन नहुने व्यवस्था गरिने छ। तर "घ" वर्गको वित्तीय संस्थालाई भने यस बमोजिमको सीमा लागू हुने छैन।

९३. जुनसुकै प्रयोजनको लागि पूँजी वृद्धि गर्ने सन्दर्भमा बैंक तथा वित्तीय संस्थाका संस्थापक/संस्थापक समूहअन्तर्गत शेयर खरिद गर्दा संस्थापक शेयरधनीहरूले तोकिएको ढाँचामा लगानी रकमको आयस्रोतसम्बन्धी विवरण अनिवार्य रूपमा पेश गर्नुपर्ने छ। सोको अभिलेख सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अद्यावधिक गरी राख्नुपर्ने तथा सोसम्बन्धी सम्पूर्ण अभिलेखको प्रतिलिपी यस बैंकमा समेत पेश गर्नुपर्ने व्यवस्था कायम गरिएको छ।

९४. नेपाल सरकारको राजस्व सङ्कलनमा निश्चित सिद्धान्तको अधीनमा रही डेबिट/क्रेडिट कार्ड प्रयोग गर्ने र भुक्तानीलाई स्वीकार्य मान्ने सम्बन्धमा नेपाल सरकारले नीतिगत निर्णय गरिसकेको छ । चालू आर्थिक वर्षमा वाणिज्य बैंकहरू समेतको राय तथा सुझाव लिई यसलाई कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइने छ।

९५. बैंक तथा वित्तीय संस्थाहरूले यस बैंकले तोके अनुसारको न्यूनतम चुक्ता पूँजी कायम गर्ने क्रममा हकप्रद शेयर जारी गर्दा कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरूलाई बिक्री वा हस्तान्तरण नगरेमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले स्वविवेकीय आधारमा हकप्रद शेयरको त्यस्तो बिक्री गर्न सक्ने अवस्था रहेबाट

यदाकदा यस व्यवस्थाले विकृति समेत ल्याउने सम्भावना रहन्छ । अतः यस बैंकबाट तोकिएको पूँजी कोष अनुपात कायम गरेका बैंक तथा वित्तीय संस्थाहरूको हकमा त्यसरी बिक्री हुन नसकेको हकप्रद शेयरको अंश स्वतः खारेज गर्नुपर्ने व्यवस्था गरिएको छ । यसरी खारेज गर्नुपर्ने अवस्थामा प्रत्येक वर्ष समानुपातिक रूपमा चुक्ता पूँजी वृद्धि गर्दै लैजानु पर्ने यस बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागि त्यस्तो खारेजी गर्नु परेको शेयरको रकमको हदसम्मलाई समायोजन गर्न सकिने छ ।

९६. यस बैंकले बैंक तथा वित्तीय संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणको मूल आधारको रूपमा वासलका २५ बुँदे सुपरिवेक्षकीय निर्देशक सिद्धान्तहरू लिँदै आएको छ । नेपालमा वासल टु लागू गर्ने सम्बन्धमा गठन गरिएको एकर्ड इम्प्लिमेन्टेशन ग्रुप (Accord Implementation Group) को सिफारिसमा आर्थिक वर्ष २०६५/६६ देखि "क" वर्गका इजाजतप्राप्त संस्थाहरूको हकमा वासल टु अनुसारको पूँजीकोष पर्याप्ततासम्बन्धी नियमन लागू भएको छ । जसअनुसार पूँजीकोष कायम गर्दा बैंकहरूको वास्तविक जोखिममा आधारित पूँजीकोष कायम हुने आशा गरिएको छ । यस नयाँ व्यवस्थाले बैंकहरूलाई आफ्नो जोखिम व्यवस्थापनमा थप सजग हुन अभिप्रेरित गर्नेछ । वासल टुलाई नेपालमा कार्यान्वयन गर्ने सिलसिलामा उपलब्ध विकल्पहरूमध्ये नेपालको वित्तीय बजार सुहाउँदो सरल विकल्पहरूको प्रयोग गरिएको छ भने वासल कमिटीले तोकेका तीनवटै पिलरहरूको प्रयोग गर्ने गरी लागू गरिएको छ । वासल टु का विकसित विकल्पहरूको प्रयोग हाम्रो बजारमा हुने विकासक्रम अनुसार क्रमशः प्रयोगमा ल्याउने नीति लिइएको छ । वासल टु लागू नभएसम्मका लागि विकास बैंक, वित्त कम्पनी र लघुवित्त कारोबार गर्ने विकास बैंकहरूको हकमा पूँजीकोष अनुपात सम्बन्धी विद्यमान व्यवस्थालाई यथावत् कायम राखिएको छ ।

९७. यस बैंकले वासल कोर सिद्धान्तहरूको स्वःमूल्याङ्कन गर्ने कार्य र उक्त स्वःमूल्याङ्कनबाट देखिएका कमी कमजोरीलाई निर्दिष्ट समयमा पूरा गर्ने गरी लक्ष्य सहितको वासल कोर सिद्धान्तहरूको कार्यान्वयन योजना तयार गरिसकेको छ । सोही योजनामा उल्लेखित कार्यहरू समय तालिकाअनुसार कार्यान्वयन गर्ने क्रममा यस वर्षदेखि "होम-होस्ट" सम्बन्ध, क्रस बोर्डर बैंकिङ्ग तथा संस्थागत सुशासनसम्बन्धी कार्यहरूमा जोड दिइने छ ।

९८. बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा उल्लेख्य विस्तार भइरहेको विद्यमान स्थितिमा वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने कार्य चुनौतीपूर्ण हुँदै आएको छ । प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणलाई वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने प्रमुख उपायको रूपमा यस बैंकले लिएको छ । वित्तीय संस्थाहरूको संख्यामा भएको विस्तारले सिर्जना गरेको निरीक्षण तथा सुपरिवेक्षकीय चुनौतिको सामना गर्न थोरै जनशक्तिबाट परम्परागत पद्धतिको सुपरिवेक्षण प्रभावकारी हुन नसक्ने भएकोले यस बैंकले नयाँ सुपरिवेक्षकीय उपकरणहरू लागू गर्ने तयारी गरिरहेको छ । यस क्रममा वासल टु अनुसार तोकिएको न्यूनतम पूँजीकोष कायम राख्न नसक्ने बैंकहरू तथा वित्तीय संस्थाको लागि आर्थिक वर्ष २०६५/६६ देखि नयाँ उपकरणको रूपमा शीघ्र सुधारात्मक कारवाही (Prompt Corrective Action, PCA) कडाईका साथ लागू गरिने छ । बैंक तथा वित्तीय संस्थाहरूमा देखिएका कमजोरीहरूलाई समयमै निराकरण गर्न तथा सुधारात्मक कारवाहीहरूलाई पनि कमजोरीको स्तरअनुरूप मेल खाने गरी वर्गीकरण गर्दै सुधारका कारबाहीहरू अवलम्बन गर्नुपर्ने अन्तर्राष्ट्रिय प्रचलन रहेको परिप्रेक्ष्यमा नेपाल राष्ट्र बैंकले पनि शीघ्र सुधारात्मक कारबाही विनियमावली तयार गरी २०६५ कात्तिक १ गतेदेखि

लागू गर्ने निर्णय गरेको छ । बैंक तथा वित्तीय संस्थाहरूमा देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न पर्ख र हेरको नीति अवलम्बन गर्दा उक्त संस्थाहरू सुधार गर्न नसकिने स्थितिमा पुगी निक्षेपकर्ताले ठूलो नोक्सानी व्यहोर्नु पर्ने अवस्था सिर्जना हुने हुँदा त्यस्तो अवस्था आउन नदिन यो शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी व्यवस्थाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

९९. दोस्रो उपकरणको रूपमा अनिवार्य रुपले हरेक वर्ष बैंकहरूको कर्पोरेट तहमा स्थलगत निरीक्षण गरी आवश्यक निर्देशनका साथै प्राप्त विवरणको आधारमा केम्ल्स रेटिङ्ग (CAMELS Rating) गरेर सो बाट प्राप्त सूचकाङ्कको आधारमा बैंकहरूको मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१००. बैंकिङ्ग सुपरिवेक्षणको तेस्रो उपकरणको रूपमा निश्चित वित्तीय परिसूचकहरूको आधारमा वित्तीय स्थिति नाजुक हुँदै गएका बैंक तथा वित्तीय संस्थालाई विशेष निगरानीमा राखी आवश्यकतानुसार विशेष स्थलगत निरीक्षणको व्यवस्था गरिनेछ ।

१०१. बैंकिङ्ग सुपरिवेक्षणको चौथो उपकरणको रूपमा गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त सूचनाको विश्लेषणको आधारमा केयल्स रेटिङ (CAELS rating) गरी पूर्व चेतावनी संकेतहरू (Early Warning Signal, EWS) तयार गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूले लागू गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०२. बैंकको सुपरिवेक्षण कार्यलाई अझ सान्दर्भिक बनाउँदै लैजाने नीति अनुरूप पाँचौं उपकरणको रूपमा ठूला बैंकहरूको ठूला शाखाहरूको लागि छुट्टै बाह्य लेखापरीक्षकमार्फत् शाखाहरूको लेखापरीक्षण गराउँदै लैजाने कार्य आर्थिक वर्ष २०६५/६६ बाट शुरू गरिनेछ । यस सम्बन्धी मापदण्डहरु यस बैंकले तोक्नेछ ।

१०३. बाह्य लेखापरीक्षकहरूले लेखापरीक्षण पश्चात् नेपाल राष्ट्र बैंकमा पठाउने गरी तोकिएको ढाँचा अनुसारको लङ्ग फर्म अडिट रिपोर्ट (Long Form Audit Report) लाई समय अनुसार परिमार्जन गरी बैंक तथा वित्तीय संस्थाको निरीक्षणको छैटौं उपकरणको रूपमा लिइने छ ।

१०४. आर्थिक वर्ष २०६५/६६ देखि प्रत्येक बैंक तथा वित्तीय संस्थालाई जोखिमका आधारमा निरीक्षण गरिने विधि योजनाबद्ध रूपमा लागू गरिने छ। साथै, सो क्षेत्रमा देखा पर्नसक्ने जोखिमहरूलाई न्यूनीकरण गर्न समयमै मद्दत पुगोस् भन्ने हेतुले सम्बन्धित बैंकहरूले जोखिम व्यवस्थापन निर्देशिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था गरिनेछ ।

१०५. आर्थिक वर्ष २०६५/६६ को बजेट वक्तव्यमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषजस्ता सम्झौतामूलक बचत परिचालन गर्ने निकायहरुको वित्तीय स्वास्थ्यलाई निश्चित मापदण्डको आधारमा अर्को नियमनकारी निकाय स्थापना नभएसम्म नेपाल राष्ट्र बैंकबाट सुपरिवेक्षण गराउने व्यवस्था मिलाउने उल्लेख भएको छ । यस बैंकले उपरोक्त वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्यका लागि २०६५ कार्तिक मसान्तभित्र अन्तर्राष्ट्रिय स्तरका वित्तीय मापदण्डहरु जारी गरी सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य यसै वर्षदेखि थाल्ने छ ।

१०६. भुक्तानी प्रणालीलाई बढी सरल र प्रभावकारी बनाउने हेतुले वित्त कम्पनीहरूले पनि अटोमेटेड टेलर मेशिन र डिस्पेन्सिङ्ग मेशिनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, कर्जा दिने कार्य गर्नसक्ने व्यवस्था गरिएको छ । साथै, विकास बैंक तथा वित्त कम्पनीहरूले पनि डेबिट कार्ड प्रचलनमा ल्याउन तथा स्वदेशी रकमान्तरको कारोबार गर्न पाउने व्यवस्था गरिने छ ।

१०७. देशको विभिन्न क्षेत्रमा मुद्रा सहज रूपमा आपूर्ति गर्न तथा यस बैंक र वाणिज्य बैंकको फण्ड ट्रान्सफर लागत घटाउन निजी क्षेत्रका बैंकहरूलाई समेत नोट कोष सुविधा दिइने व्यवस्था गरिएको छ ।

१०८. यस बैंक र बैंक तथा वित्तीय संस्थाहरूको अधिकांश शेयर स्वामित्व रहने गरी स्वचालित समाशोधन गृहको काम गर्ने एउटा छुट्टै संस्था खडा गर्नेतर्फ आवश्यक कारबाही अगाडि बढाई सकिएको छ । सोसम्बन्धी सम्पूर्ण प्रशासनिक तथा कानुनी प्रक्रियाहरू पूरा गरी आर्थिक वर्ष २०६५/६६ भित्रमा नै सो संस्था सञ्चालनमा ल्याइने छ ।

१०९. आर्थिक वर्ष २०६४/६५ देखि ट्रेजरी बिल्सको लागि प्रमाणपत्ररहित प्रणाली लागू गरी कम्प्युटर रसिद मात्र उपलब्ध गराउन थालिएको छ । यसबाट लामो र झन्झटिलो कागजी प्रक्रिया पूरा गर्नु नपर्ने हुँदा समय र श्रमको बचत भएको छ । यसै तथ्यलाई ध्यान दिई आर्थिक वर्ष २०६५/६६ देखि यस बैंकमा खाता खोल्न पाउने बैंक तथा वित्तीय संस्थाको हकमा विकास ऋणपत्रको लागि पनि कम्प्युटर रसिद उपलब्ध गराउन थालिने छ । उक्त रसिदलाई अन्तरबैंक कारोबार, ऋणपत्रको खरिद/बिक्री, धितो लिने/दिने र भुक्तानी दिन समेत मान्यता दिइने छ ।

## विदेशी विनिमय व्यवस्थापन

११०. नेपालमा कार्य गर्ने अन्तर्राष्ट्रिय वायुसेवा, त्यस्ता वायुसेवाका जि.एस.ए./पि.एस.ए, तथा ट्राभल टुर एजेन्सीहरुले विदेशी मुद्रामा बिक्री गरेको हवाई टिकटको मूल्य सम्बन्धित वायुसेवालाई भुक्तानी गर्दा यस बैंकबाट रिप्याट्रिएशन (Repatriation) को स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा अबदेखि यस्तो भुक्तानीको लागि यस बैंकले तोकेको विवरणको आधारमा "क" वर्गका बैकहरुबाट रिप्याट्रिएशन (Repatriation) को सुविधा उपलब्ध हुने व्यवस्था गरिने छ । यसबाट रिप्याट्रिएशन (Repatriation) कार्य छिटो हुन गई कार्य सहज हुने बिश्वास लिइएको छ ।

१११. कुटनैतिक नियोग वा अन्तर्राष्ट्रिय एजेन्सी तथा संघ संस्थाको आपूर्ति आदेश (Supply Order) र द्विपक्षीय वा बहुपक्षीय अन्तर्राष्ट्रिय सहयोगअन्तर्गत परिवर्त्य विदेशी मुद्रामै भुक्तानी पाउने भएमा सम्झौताअनुसार आवश्यक पर्ने निर्माण सामग्री, मेशिन तथा उपकरणहरु भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी आयात गर्न एफ.ओ.बी. (FOB) मूल्यको सटही सुविधा यस बैंकमार्फत उपलब्ध गराउने व्यवस्था गरिने छ । यसबाट सम्बन्धित पक्ष लाभान्वित हुने बिश्वास लिइएको छ ।

११२. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाहेक तेस्रो मुलुकहरुबाट ड्राफ्ट/टि.टि. का माध्यमबाट सामान आयात गर्दा एक पटकमा बढीमा अमेरिकी डलर ३०,०००।-

बराबरसम्मको रकम अग्रिम भुक्तानी पठाउन सकिने विद्यमान सीमा व्यवस्थालाई बढाई अमेरिकी डलर ५०,०००।- बराबर पुऱ्याइने छ । यसबाट आयातकर्ताहरु लाभान्वित हुने विश्वास लिइएको छ ।

११३. यस बैंकवाट इजाजत प्राप्त रेमिट्यान्स कम्पनीहरुको प्रयासबाट हालका वर्षहरुमा उल्लेख्य परिमाणमा रेमिट्यान्स भित्रने क्रम बढ्दै गएको र त्यस्ता कम्पनीहरुले यस बैंकबाट हुने बजार हस्तक्षेपमा सहभागी हुन अनुरोध भइआएको सन्दर्भमा यस बैंकबाट इजाजत प्राप्त रेमिट्यान्स कम्पनीहरु तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाहरुलाई समेत यस बैंकवाट हुने परिवर्त्य विदेशी मुद्राको बजार हस्तक्षेपमा सहभागी गराउन नीतिगत व्यवस्था मिलाइने छ ।

११४. रेमिट्यान्स कम्पनीहरूले रेमिट्यान्सबापत भित्र्याएको परिवर्त्य विदेशी मुद्रा सात दिनसम्म आफ्नै खातामा राख्न सक्ने व्यवस्थालाई बढाई १५ दिन कायम गरिने छ । यसबाट रेमिट्यान्स भित्र्याउने कार्यमा संलग्न कम्पनीहरू प्रोत्साहित हुने विश्वास लिइएको छ ।

११५. विभिन्न प्रयोजनको लागि व्यक्ति तथा संघ/संस्थाहरु र बैक तथा वित्तीय संस्थाहरुलाई अमेरिकी डलर २,५००।- सम्मको सटही सुविधा आवश्यक कागजातका आधारमा सोझै "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाहरुवाट प्राप्त गर्न सकिने व्यवस्था रहेकोमा यस्तो सटही सुविधाको सीमा वृद्धि गरी अमेरिकी डलर ४,०००।- सम्म पुऱ्याइनेछ । यसबाट सेवाग्राहीलाई सुविधा हुने विश्वास लिइएको छ ।

११६. प्रतितपत्रलगायत विभिन्न माध्यमबाट विदेशी पक्षलाई अग्रीम परिवर्त्य विदेशी मुद्रामा भुक्तानी पठाउँदा राख्ने गरिएको १० प्रतिशत धरौटी रकम यस बैंकको स्वीकृतिबाट मात्र फुकुवा गर्न पाइने व्यवस्था रहेकोमा अबदेखि काम सम्पन्न भएको प्रमाणको आधारमा सम्बन्धित "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्थाबाटै यस्तो धरौटी रकम फुकुवा गर्न सकिने व्यवस्था गरिने छ । यसबाट धरौटी फुकुवा गर्दा लाग्ने समयको बचत भई "क" वर्गका बैंक तथा राष्ट्रिय स्तरका "ख" वर्गका वित्तीय संस्था एवं व्यवसायीहरु लाभान्वित हुने अपेक्षा गरिएको छ ।

११७. परिवर्त्य विदेशी मुद्रा भुक्तानी हुने गरी भारतबाट आयात गर्न सकिने वस्तुहरुको सूची हाल १२४ पुगेको छ । यस्ता वस्तुहरुको सूची थप गर्दै जाने साविकको नीतिलाई यथावत् राखिएको छ ।

११८. नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिद सम्झौता (Power Purchase Agreement) गरी विदेशी मुद्रामा विद्युत् बिक्री गर्ने, जलविद्युत् कम्पनी/आयोजनाहरूले विद्युत् बिक्रीबापतको सटही सुविधा यस बैंकवाट प्राप्त गर्ने व्यवस्था रहेकोमा अबदेखि विद्युत् खरिद सम्झौता र नेपाल विद्युत प्राधिकरणको सिफारिशको आधारमा "क" वर्गका बैंकहरूबाट यस्तो सटही सुविधा उपलब्ध हुने व्यवस्था गरिनेछ । यसबाट जलविद्युत् कम्पनी/आयोजनालाई सटही सुविधा प्राप्त गर्न सहज हुनेछ ।

११९. नेपालस्थित विदेशी दुतावासहरुले भिषा दस्तुरबापत सङ्कलन गरेको नेपाली रुपैयाँ आफ्नो राष्ट्रमा पठाउनु पर्दा यस बैंकबाट सटही सुविधा प्रदान गर्ने गरिएकोमा अबदेखि सम्बन्धित

दुतावासको अनुरोधमा यस्तो सटही सुविधा “क” वर्गका बैंक तथा राष्ट्रिय स्तरका “ख” वर्गका वित्तीय संस्थामार्फत् उपलब्ध हुने व्यवस्था गरिनेछ ।

**अन्त्यमा**

१२०. प्रस्तुत मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरुको कार्यान्वयनबाट समष्टिगत आर्थिक व्यवस्थापन, वित्तीय क्षेत्रको सुदृढीकरण र आन्तरिक तथा बाह्य भुक्तानीको सवलीकरण हुन गई उच्च आर्थिक वृद्धिको लागि अनुकूल आर्थिक वातावरण तयार हुने प्रति बैंक विश्वस्त छ ।

१२१. आर्थिक वर्ष २०६५/६६ को मौद्रिक नीतिको कार्यान्वयनमा नेपाल सरकार, वित्तीय समुदाय, नागरिक समाज र दातृ निकायको यस बैंकलाई सदाझैं सहयोग मिल्ने यस बैंकले विश्वास लिएको छ ।

१२२. आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिको कार्यान्वयनमा सहयोग पुऱ्याउने सबै साझेदारहरुलाई यस अवसरमा बैंकको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

●

## अनुसूची १
## आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिमा उल्लेख भएका नीतिगत व्यवस्थाहरूको प्रगति तालिका

| क्र. सं. | बुँदा नं. | लक्ष्य/कार्यक्रमहरू | कार्य विवरण | जिम्मेवार विभाग | कार्यान्वयन स्थिति |
|---|---|---|---|---|---|
| १ | ६४ | वार्षिक औसत मुद्रास्फीति ५.५ प्रतिशत हुने प्रक्षेपण । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | पेट्रोलियम पदार्थ र खाद्यान्नको मूल्य वृद्धिको कारणले मुद्रास्फीति ७.७ प्रतिशत रहेको । |
| २ | ६५ | शोधनान्तर बचत रू. ८ अर्ब कायम गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | शोधनान्तर बचत रू. २९ अर्ब ६७ करोड रहेको । |
| ३ | ६६ | आर्थिक वर्ष २०६४।६५ का लागि लक्षित ५.० प्रतिशतको आर्थिक वृद्धिदर सहज बनाउन आवश्यक तरलताको व्यवस्था गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | आर्थिक वृद्धिदर ५.६ प्रतिशत रहेको । |
| ४ | ६८ | विस्तृत मुद्रा प्रदायको वाञ्छित वृद्धिदर १५.६ प्रतिशत कायम गर्ने । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | विस्तृत मुद्रा प्रदाय २५.२ प्रतिशतले बढेको । |
| ५ | ६९ | बैकिङ्ग क्षेत्रको कुल आन्तरिक कर्जा १७.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपण । | अनुगमन गर्ने र नीतिगत व्यवस्थाबारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग | निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य बढेकोले आन्तरिक कर्जा २०.९ प्रतिशतले बढेको । |
| ६ | ७० | वाणिज्य बैंकहरूसँगको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रूपमा लिने व्यवस्थालाई यथावत् कायम राख्ने । | साविक बमोजिम तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले निर्क्यौल गर्ने अधिक तरलताको स्थितिको आधारमा मौद्रिक उपायको रूपमा खुला बजार कारोबार सञ्चालन गर्ने । | अनुसन्धान विभाग/राष्ट्र ऋण व्यवस्थापन विभाग | तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले दिने तरलता संकेतको आधारमा खुला बजार कारोबार संचालन भइरहेको । |
| ७ | ७३ | बैंकदरलाई ६.२५ प्रतिशतमा यथावत् कायम राख्ने । | अनुगमन गर्ने र विश्लेषण सहित नीतिगत व्यवस्थाको कारवाही गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग | यथावत राखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ७४ | निर्यात पुनरकर्जादरलाई ३.५ प्रतिशतबाट १.० प्रतिशतको बिन्दुले घटाई २.५ प्रतिशत कायम गरिएको । ग्रामीण विकास बैंकहरूको लागि पुनरकर्जा दर ३.५ प्रतिशतमा यथावत् राख्ने । | नीतिगत व्यवस्था बमोजिम परिपत्र जारी गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/बैंकिङ्ग कार्यालय | २०६४ साउन १३ गतेको परिपत्रबाट सो अनुरुपको व्यवस्था भइसकेको । |
| ९ | ७५ | रूग्ण उद्योग पुनरकर्जादर १.५ प्रतिशत यथावत् कायम गर्ने । | नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरु उपलब्ध गराउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/बैंकिङ्ग कार्यालय | यथावत राखिएको । |
| १० | ७६ | रूग्ण उद्योग पुनरकर्जा सुविधाका लागि व्यवस्था गरिएको रू २ अर्ब रकम आर्थिक वर्ष २०६४।६५ को लागि पनि यथावत् कायम राख्ने । | नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरू उपलब्ध गराउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/बैंकिङ्ग कार्यालय | रु. ६ करोड ७६ लाख ५५ हजार पुनरकर्जा प्रदान गरिएको । |
| ११ | ७७ | साना तथा घरेलु उद्योगहरूलाई प्रवाह गरेको कर्जाको धितोमा वाणिज्य बैंक तथा विकास बैंकहरूलाई २.५ प्रतिशतमा पुनरकर्जा उपलब्ध गराउने । | नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरू उपलब्ध गराउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/लघु वित्त विभाग | २०६४ साउन १३ गते परिपत्र गरिएको । सो सम्बन्धी विवरणहरु संकलन गर्ने कार्य शुरु गरिएको । |
| १२ | ७८ | नेपाल सरकारले परिभाषित गरेअनुसार दलित, जनजाती, उत्पीडित, मधेशी, अल्पसंख्यक तथा पिछडिएका वर्गलाई राहत पुऱ्याउन र वैदेशिक रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउन सो प्रयोजनका लागि लिने कर्जामा रूग्ण उद्योगलाई प्रदान गरिने पुनरकर्जा सरह आर्थिक वर्ष २०६४।६५ मा पनि रू ५० करोडसम्मको पुनरकर्जा सुविधा उपलब्ध गराइने । | नीतिगत व्यवस्थाको कार्यान्वयन गर्ने र यस सम्बन्धी विवरणहरू उपलब्ध गराउने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/लघु वित्त विभाग | कार्यान्वयनको चरणमा रहेको । |
| १३ | ७९ | अनिवार्य नगद अनुपात ५.० प्रतिशत यथावत् कायम राख्ने । | अनुगमन तथा नीतिगत व्यवस्थावारे विश्लेषण गर्ने । | अनुसन्धान विभाग/बैंक सुपरीवेक्षण विभाग/ वित्तीय संस्था सुपरीवेक्षण विभाग | यथावत कायम राखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ८१ | बिक्री तथा खरिद बोलकबोल बहु-मूल्यमा र रिपो तथा रिभर्स रिपो बोलकबोल बहु-ब्याजदर बोलकबोलमा सञ्चालन गरिने व्यवस्थालाई यथावत् कायम गरिने । | तरलता अनुगमन तथा प्रक्षेपण संरचनालाई आधार मानी उक्त मौद्रिक उपकरणहरूको प्रयोग गर्ने । | राष्ट्र ऋण व्यवस्थापन विभाग | बजारमा विद्यमान तरलताको स्थितिका आधारमा आवश्यकता अनुसार ट्रेजरी बिलको दोश्रोबजार कारोवार हुँदै आएको छ । |
| १५ | ८२ | नेपाल सरकारको ट्रेजरी बिल्स र विकास ऋणपत्रको धितोमा साविककै व्यवस्थाअनुसार वाणिज्य बैंकहरूलाई स्थायी तरलता सुविधा प्रदान गरिने । यो सुविधामा लगाइने गरेको पेनाल ब्याजदर हालको १.५ प्रतिशतबाट वृद्धि गरी २.० प्रतिशतमा पुऱ्याइने । | आवश्यक कार्यान्वयन गर्ने । | राष्ट्र ऋण व्यवस्थापन विभाग | मौद्रिक नीतिको मध्यावधि समीक्षा पश्चात् वाणिज्य बैंक आफ्नो स्वामित्वमा भएको ट्रेजरीबिल र ऋणपत्रको धितोमा ७५.० प्रतिशतसम्म र ब्याजदरको हकमा ९१ दिने ट्रेजरी बिल वा ३० दिन भित्रको रिपो बोलकबोलमध्ये जुन बढी हुन्छ, सोही ब्याजदरमा २.० प्रतिशत विन्दु थप गरी स्थायी तरलता सुविधा प्रदान भइरहेको । |
| १६ | ८३ | आर्थिक वर्ष २०६४।६५ देखि सबै वाणिज्य बैंकहरूले आफ्नो कुल कर्जा लगानीको ३.० प्रतिशत विपन्न वर्ग कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको र विकास बैंक तथा वित्त कम्पनीहरूलाई पनि क्रमशः विपन्न वर्ग कर्जा प्रवाह गर्न आवश्यक निर्देशन जारी गरिने । यस क्रममा पहिलो चरणमा विकास बैंकहरूले यस किसिमको कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिने । | सो व्यवस्थाको कार्यान्वयन तथा अनुगमन गर्ने । | बैंक तथा वित्तीय सँस्था नियमन विभाग/लघु वित्त विभाग | २०६४/४/१० को परिपत्रबाट विकास बैंकहरुलाई विपन्न वर्ग कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको । |
| १७ | ८४ | लघुवित्त संस्थाहरूको लागि प्रतिग्राहक कर्जा सीमालाई क्रमशः रू ६० हजार र रू १ लाख ५० हजार पुऱ्याइने । साथै, यस्तो कर्जामा यस बैंकबाट पुनरकर्जा सुविधा समेत प्रदान गरिने । | नीतिगत व्यवस्थावारे आवश्यक कामकारवाही गर्ने । | बैंक तथा वित्तीय संस्था नियमन विभाग/ सुपरीवेक्षण विभाग/लघु वित्त विभाग | २०६४ साउन १० गतेको परिपत्रबाट नीतिगत व्यवस्था कायम गरिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
